सुरक्षित साकोस, दिगो अभियान




# जोखिममा आधारित साकोस सुपरीवेक्षण
# मार्गनिर्देशिका–२०८०

# Credit Union Risk Based Supervision
# Manual-2023

नेफस्कून
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.
Nepal Federation of Savings and Credit Cooperative Unions Ltd.

एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधि

# अध्यक्षको कलमबाट

"सुरक्षित साकोस, दिगो अभियान" भन्ने परिकल्पनाको उर्जा सहित २०७१ सालबाट जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम कर्ब्स कार्यक्रमकारूपमा प्रभाव विस्तार गरिरहेको छ । साकोस अभियानको शुद्धीकरण र सुदृढीकरण अभियानले नै गर्नुपर्दछ र सक्दछ, त्यसको लागि मार्गचित्र दिन सक्नुपर्दछ भन्ने अन्तर्राष्ट्रिय मान्यतालाई स्वीकार गरी कार्यान्वयनमा ल्याईएको यस कार्यक्रम हालसम्म साकोस अभियानको स्वःनियमन र सुशासन उत्कृष्टताको एक अब्बल कार्यक्रम बन्न सकेको छ । सयौंको संख्यामा सहभागी साकोसहरू यसै मार्गचित्रलाई पालना गर्दै अघि बढ्दा यसले साकोस अभियानमा Lead by Examples को रूपमा एक अनुकरणीय अभ्यासको थालनी गरेको छ । यस अभियानमा एउटा सही मार्गदर्शकको रूपमा जोखिममा आधारित कार्यक्रम स्थापित हुन सकेकोमा सबै सहभागी साकोसहरू र शुभचिन्तकहरूप्रति आभार प्रकट गर्न चाहन्छु । यस कार्यक्रम अभियानको विकासका लागि मात्र होइन साकोस स्वनियमबाट नै सही रूपमा सञ्चालित हुन सक्दछन् भन्ने मान्यता स्थापित भएकोमा एउटा अभियानकर्मीको नाताले म अत्यन्त हर्षित छु ।

सदस्यहरूको वित्तीय आवश्यकताहरूलाई पहिचान गरी साकोसमार्फत समाधान उपलब्ध गराउन सक्नुनै साकोस अभियानको आजको आवश्यकता एवं सफलताको कारक हो । प्रतिस्पर्धात्मक युगमा वित्तीय सेवालाई सुरक्षित तरिकाले प्रवाह गर्नु, कमजोर र पछाडि परेका समुदायलाई वित्तीय सेवाको पहुँचमा पुर्‍याउने चुनौती हाम्रो सामु विद्यमान रहेको छ । सहभागितात्मक विधि र तौरतरिकामार्फत मानिसको जीवनस्तरमा सुधार ल्याउदै समृद्ध सदस्य एवं दिगो संस्थाको रूपमा विकास गर्न यो मार्गनिर्देशिका फलदायी हुने विश्वास लिएको छु । यो निर्देशिका सहकारीको सिद्धान्त, मूल्यमान्यता एवं असल अभ्यासहरूको सारको रूपमा विकास गरिएको छ । यो निर्देशिकाले व्यवस्थापनलाई स्पष्ट मार्गचित्र एवं लक्ष्य दिएको छ, जसबाट उपलब्धीहरूलाई परिमाणात्मक रूपमा मापन गर्न र तुलनात्मक अध्ययन गर्न सजिलो भएको छ ।

अभियानको अगुवाईमा नियामक निकाय सहकारी विभाग तथा संस्थाहरूको समेत संलग्नतामा प्राप्त सुझावहरूलाई संलग्न गरी हरेक वर्ष यो निर्देशिका अद्यावधिक हुँदै आईरहेको छ । कर्ब्स कार्यक्रमले अभियानको गरिमा उँचो गर्दै लगेको छ । साकोसको सुधार गर्नुपर्ने क्षेत्रहरूको पहिचान तथा समाधानको उपायहरू समेत दिने हुनाले यो अभियानको एउटा महत्वपूर्ण सम्पत्तिको रूपमा पहिचान भएको छ । यसको उपयोग गरी अभियानका सबै साकोसहरूलाई व्यवसायिकता र सुशासनको बाटोमा लाग्न सबैमा अनुरोध गर्दछु ।

यो निर्देशिका विकास गर्न सहयोग गर्ने सहकारी विभाग, सदस्य संस्थाका अभियानकर्मीहरू एवं व्यवस्थापन प्रमुखहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति एवं नेफ्स्कून व्यवस्थापन सबैमा संघ हार्दिक आभार व्यक्त गर्दछ । सहकारी अभियानलाई व्यवस्थित मर्यादित र प्रतिस्पर्धात्मक रूपमा सफल बनाउन निरन्तर लागिरहनुभएका सम्पूर्णप्रति यो निर्देशिका अभिन्न सहयात्रीको रूपमा रहिरहोस् । आगामी दिनमा पनि सहकारी अभियान अझ मजबुत र बलियो बन्दै जाने अपेक्षा राखेको छु ।

जय सहकारी !!

**परितोष पौड्याल**

अध्यक्ष

# हाम्रो सिकाई

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) आफ्नो स्थापनाको ३६ वर्ष प्रवेश गर्दैछ । बचत तथा ऋण सहकारीहरू व्यवस्थापनको लामो अनुभवमा बचत तथा ऋण सहकारीहरू समुदायमा आधारित सदस्य केन्द्रित वित्तीय सेवा प्रदायक संस्थाहरू हुन् । वित्तीय कारोबारमा देखिने जोखिम बचत तथा ऋण सहकारीहरूमा पनि विद्यमान रहन्छ र सोको प्रभाव संस्था हुँदै सदस्य तहमा देखिन पुग्दछ । बचत नै समृद्धिको आधार र माध्यम हो । तर पछिल्लो समय सहकारी क्षेत्रमा वित्तीय विचलनका केहि घटनाहरू देखिंदा सहकारीको बचत सुरक्षाको प्रश्नचिन्ह सिर्जित भएको छ । यस्तो अवस्थामा साकोसको जोखिम सुपरिवेक्षण झनै औचित्यपूर्ण भइरहेको छ । सहकारी संस्थाहरू सदस्य केन्द्रित वित्तीय संस्था भएकोले तुलनात्मक जोखिम अन्य वित्तीय क्षेत्रको तुलनामा न्यून हुन्छ । यद्यपी, असल नियत राख्दैमा जोखिम नियन्त्रित हुँदैन । सदस्यको बचतको सुरक्षा साकोसको पहिलो जिम्मेवारी रहेकोले स्तरीय मानकका आधारमा नियमित सुपरिवेक्षण आवश्यक छ । जोखिम व्यवस्थापनको लागि स्पष्ट नीतिगत व्यवस्थाहरू, अधिकारको विनियोजन र जवाफदेहिता यसका आधारभुत तत्वहरू हुन् । कुनै पनि संस्थाको लागि जोखिम व्यवस्थापन व्यवस्थापनको मुख्य जिम्मेवारीकोरूपमा स्थापित हुनु पर्दछ । जोखिममा आधारित सुपरिवेक्षण कार्यक्रम यसको मार्गदर्शनकोरूपमा विकसित मानक मात्र हो ।

बचत तथा ऋण सहकारी व्यवस्थापनमा देखिने मुख्य जोखिम क्षेत्रहरू मध्ये वित्तीय जोखिम, ऋण जोखिम, सञ्चालन जोखिम, सूचना प्रविधि जोखिम, बजार तथा छवि जोखिम, कानुन पालनाको जोखिम लगायतका अनेकौं जोखिमहरूको समयमा नै पहिचान तथा व्यवस्थापनको योजना निर्माणमा सहयोग गर्ने अभिप्रायले नेफ्स्कूनले जोखिममा आधारित साकोस सुपरिवेक्षण सक्षमता विकास तथा बाह्य रूपमा छवि सुधारको अपेक्षामा संघले परीक्षकको मार्गनिर्देशिका निर्माण गरेको छ । सहकारी अभियानका असल अभ्यासहरूको सार र संघका सदस्य संस्थाहरूको सिकाइका रूपमा समग्र साकोस अभियानले यस मार्गनिर्देशिकालाई स्वीकार गर्दै आइरहेको छ ।

विश्व ऋण परिषद्ले विकास गरेको वित्तीय मापदण्ड पर्ल्स तथा अभियानको सिकाइको आधारमा विकास गरिएको कोस्माईल सूचकहरू समावेश गरि देशको विशिष्ट जोखिम (कन्ट्री रिस्क) समेतलाई ध्यान दिई विकास गरिएको मार्गनिर्देशिका प्रकाशन गरि अभियानको हितमा समर्पण गर्न पाउँदा नेफ्स्कून व्यवस्थापन गौरवान्वित छ । यस मार्गनिर्देशिका विकास तथा अद्यावधिक गर्न सहयोग गर्नुहुने अभियानकर्मी तथा संघको व्यवस्थापनका सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु । यसको समुचित उपयोग गरि हरेक पाँच करोडभन्दा बढी कुल सम्पत्ति वा दायित्व भएको संस्थाहरूले कार्यक्रममा आबद्ध भई स्वनियमनमा आधारित यो सुपरिवेक्षण प्रणालीमा रहेर सुधारको योजना बनाउनुहुन अनुरोध गर्दछु ।

२०७६ सालबाट सुरू भएको कोभिड महामारी, विश्वमा भएका विभिन्न युद्धहरू लगायत विविध कारणबाट देशको अर्थतन्त्र जटिल अवस्थामा रहेको छ । यस अवस्थामा संस्थामा आउनसक्ने जोखिमहरूलाई पहिले नै विश्लेषण गरी त्यसको न्यूनीकरणको लागि पहलकदमी लिनुपर्ने अवस्था देखिएकोले संघमा आबद्ध सम्पूर्ण सदस्य संघ संस्थाले यसको अंगिकार गरी सुरक्षित सञ्चालनको सुनिश्चितता कायम हुने विश्वास लिएको छु । साकोस अभियानको साझा मापदण्डकोरूपमा विकास गरी जिल्ला बचत संघ र नेफ्स्कूनले संयुक्तरूपमा सहजीकरण गरिरहेको यस कार्यक्रममा आवद्धताको लागि आह्वान गर्न चाहन्छु । संघको ३६औं स्थापना दिवसको अवसरमा प्रकाशन गर्न लागिएको यस मार्गनिर्देशिकामा विशेष गरी जिल्ला बचत संघ साझेदारीमा आबद्ध संघका व्यवस्थापन टिमका साथीहरू, संघमा कार्यरत सुपरिवेक्षक लगायत उच्च व्यवस्थापन र अभियानकर्मीहरूको योगदानको उच्चताका साथ कदर गर्दै कार्यान्वयनमा समेत सद्भावपूर्ण सहकार्यको अपेक्षा सहित एवम् निरन्तर अद्यावधिक गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

## एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधि

**सञ्जयराज तिमिल्सीना**
व्यवस्थापन प्रमुख

# विषयसूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| पृष्ठभूमि | | १ |
| जोखिम परीक्षणका क्षेत्रहरू | | २ |
| जोखिमको क्षेत्रअनुसार अङ्कन तालिका | | ६ |
| प्राप्ताङ्कअनुसार संस्थाको जोखिमको अवस्था | | ६ |
| **पर्ल्स (PEARLS)** | | |
| | **सुरक्षण (Protection)** | |
| १. | बाह्र महिनाभन्दा बढी भाखा नाघेको ऋण रकमको लागि गरिएको ऋण सुरक्षण कोष-P1 | ७ |
| २. | एकदेखि बाह्र महिनासम्म भाखा नाघेको ऋण रकमको लागि गरिएको ऋण सुरक्षण कोष-P2 | ८ |
| ३. | एकदेखि बाह्र महिनासम्मको भाखा नाघेको ऋणको सुरक्षणको लागि अतिरिक्त कोष व्यवस्था -P2x | ९ |
| ४. | साकोसमा ऋण अपलेखनको व्यवस्था -P3, P4, P5 | ९ |
| ५. | संस्थाको तिर्न सक्ने क्षमता-P6 | १० |
| | **प्रभावकारी वित्तीय संरचना (Effective Finacial Structure)** | |
| ६. | कुल सम्पत्तिको अनुपातमा शुद्ध ऋण लगानी -E1 | १० |
| ७. | कुल सम्पत्तिको अनुपातमा तरल लगानी E2 र वित्तीय लगानी -E3 | ११ |
| ८ | कुल सम्पत्तिको अनुपातमा गैह्र वित्तीय लगानी -E4 | १२ |
| ९. | कुल सम्पत्तिको अनुपातमा कुल बचत निक्षेप -E5 | १२ |
| १०. | कुल सम्पत्तिको अनुपातमा बाह्य ऋण -E6 | १३ |
| ११. | कुल सम्पत्तिको अनुपातमा शेयर पुँजी -E7 | १३ |
| १२. | कुल सम्पत्तिको अनुपातमा शुद्ध संस्थागत पुँजी -E9 | १४ |
| | **सम्पत्तिको गुणस्तर (Assets Quality)** | |
| १३. | कुल लगानीमा रहेको ऋणको अनुपातमा कुल भाखा नाघेको ऋण -A1 | १५ |
| १४. | कुल सम्पत्तिको अनुपातमा आयआर्जन नगर्ने सम्पत्ति -A2 | १६ |
| १५. | कुल आयआर्जन नगर्ने सम्पत्तिको तुलनामा शुद्ध लागतरहित कोषको अवस्था -A3 | १६ |

| | | |
|---|---|---|
| **प्रतिफल दर र लागत (Rate of Return and Cost)** | | |
| १६. | औषत कुल शुद्ध ऋण लगानीको अनुपातमा ऋण लगानीबाट प्राप्त आम्दानी -R1 | १७ |
| १७. | औषत तरल लगानीको अनुपातमा प्राप्त आम्दानी R2 र वित्तीय लगानीमा प्राप्त आम्दानी R3 | १७ |
| १८. | औषत बचतको अनुपातमा बचतमा तिरेको ब्याज खर्च R5 र औषत बाह्य ऋणको अनुपातमा बाह्य ऋणमा तिरेको ब्याज खर्चको अवस्था R6ः | १७ |
| १९. | औषत शेयरमा शेयर लाभांश -R7 | १८ |
| २०. | औषत कुल सम्पत्तिको अनुपातमा सञ्चालन खर्च -R9 | १९ |
| २१. | औषत कुल सम्पत्तिको अनुपातमा खुद बचत (मुनाफा)-R12 | १९ |
| **तरलता (Liquidity)** | | |
| २२. | कुल बचत निक्षेपको अनुपातमा तरल जगेडा मौज्दात -L1 | २० |
| २३. | जम्मा सम्पत्तिको अनुपातमा नकमाउने तरल सम्पत्ति - L3 | २१ |
| **वृद्धिको संकेत (Sign of Growth)** | | |
| २४. | सदस्य संख्याको वार्षिक वृद्धिदर -S10 | २१ |
| २५. | कुल सम्पत्तिको वार्षिक वृद्धिदर -S11 | २२ |
| **संस्थागत विकास CO-SMILE** | | |
| **ऋण जोखिम (Credit Risk)** | | |
| २६. | ऋणनीतिको जोखिम | २२ |
| २७. | ऋण सेवा विकास (क्षेत्रगत तथा व्याक्तिगत सीमा ) जोखिम | २२ |
| २८. | ऋण विश्लेषण धितो, जमानत तथा बीमा जोखिम | २३ |
| २९. | ऋणसम्बन्धी कागजात जोखिम | २४ |
| ३०. | ऋण लगानी प्रक्रिया जोखिम | २४ |
| ३१. | ऋण असुली जोखिम | २५ |
| ३२. | सञ्चालक, उप-समिति, कर्मचारीहरू तथा निजका आफन्तहरूको ऋणमा जोखिम | २५ |
| ३३. | ऋण सदुपयोगिता अनुगमन जोखिम | २६ |
| ३४. | ऋण परिचालन क्षमता जोखिम | २६ |

| | | |
|---|---|---|
| **सञ्चालन जोखिम (Operational Risk)** | | |
| ३५. | वित्तीय औजार तथा भुक्तानी नियन्त्रण प्रणाली | २७ |
| ३६. | नगद नियन्त्रण प्रणाली | २७ |
| ३७. | संचालन त्रुटि व्यवस्थापन जोखिम | २८ |
| ३८. | कर्मचारी व्यवस्थापन तथा क्षमता विकास जोखिम | २८ |
| ३९. | कर्मचारी सन्तुष्टिगत जोखिम | २९ |
| ४०. | कर्मचारी कार्यविवरण तथा कार्यसम्पादन मुल्याङ्कन जोखिम | २९ |
| ४१. | कर्मचारीहरूको आचरण तथा व्यवहार जोखिम | २९ |
| ४२. | कार्यालय वातावरण तथा कार्यढाँचा जोखिम | ३० |
| ४३. | सुरक्षा तथा विपत व्यवस्थापन योजना जोखिम | ३० |
| ४४. | साकोस ब्राण्ड विकास र प्रवर्द्धन जोखिम | ३१ |
| ४५. | सेवा केन्द्र सञ्चालनमा जोखिम | ३१ |
| **रणनीतिक तथा बजार जोखिम (Strategic and Market Risk)** | | |
| ४६. | रणनीतिक तथा वार्षिक योजनामा विद्यमान जोखिम | ३२ |
| ४७. | नीति तथा कार्यविधिहरूमा विद्यमान जोखिम | ३३ |
| ४८. | उत्पादन तथा सेवाको विकास तथा बजारीकरण जोखिम | ३४ |
| ४९. | ब्याजदर जोखिम | ३४ |
| ५०. | अभिलेख व्यवस्थापन, सुरक्षा तथा व्यवसायिक पद्दति जोखिम | ३५ |
| ५१. | सदस्य जोखिम | ३५ |
| ५२. | बजारको वाह्य जोखिम | ३६ |
| **आन्तरिक नियन्त्रया तथा सूचना प्रविधिमा जोखिम (Internal Control and IT Security Risk)** | | |
| ५३. | लेखा सुपरीवेक्षण समितिको क्षमता जोखिम | ३६ |
| ५४. | आन्तरिक लेखा परीक्षण कार्यविधि जोखिम | ३६ |
| ५५. | लेखा सुपरीवेक्षण समिति तथा आन्तरिक लेखा परीक्षण प्रतिवेदन जोखिम | ३७ |
| ५६. | व्यवस्थापन संरचनाभित्र जिम्मेवारी बाँडफाँड र सम्बन्ध जोखिम | ३७ |

| | | |
|---|---|---|
| ५७. | योजनामा आधारित बजेट तथा खर्च प्रणाली जोखिम | ३८ |
| ५८. | लेखा प्रणाली जोखिम | ३८ |
| ५९. | वाह्य लेखा परीक्षण नियुक्ति र प्रतिवेदन जोखिम | ३८ |
| ६०. | सूचना प्रविधि जोखिम | ३९ |
| ६१. | सूचना प्रविधिमा कर्मचारीहरूको दक्षता एवं नियन्त्रण जोखिम | ३९ |
| ६२. | आन्तरिक तथा सदस्य सूचना प्रणाली जोखिम | ४० |
| **वैधानिक तथा सुशासन जोखिम (Legitimacy and Good Governance Risk)** | | |
| ६३. | सहकारी कानुनसम्बन्धी जोखिम | ४० |
| ६४. | सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिम | ४१ |
| ६५. | सार्वजनिक खरिद ऐनसम्बन्धी जोखिम | ४१ |
| ६६. | श्रम ऐन तथा अन्य सामान्य कानुनसम्बन्धी जोखिम | ४२ |
| ६७. | आय कर तथा अन्य कर दायित्व जोखिम | ४२ |
| ६८. | नियमनकारी निकायहरूमा प्रतिवेदन जोखिम | ४३ |
| ६९. | साधारण सभा जोखिम | ४३ |
| ७०. | समिति तथा उप-समितिहरूको गठन तथा प्रभावकारिता जोखिम | ४४ |
| ७१. | वित्तीय अनुशासन तथा सम्पत्ति सामान दुरूपयोगको जोखिम | ४५ |
| ७२. | कानूनी तथा व्यवसायिक क्षमता विकास जोखिम | ४६ |
| ७३. | सस्थापकीय सरोकार जोखिम | ४६ |
| ७४. | सञ्चालकीय सक्रियता जोखिम | ४७ |
| ७५. | संरक्षकीय सम्बन्धन जोखिम | ४७ |

# नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफस्कून)

नयाँ बानेश्वर, काठमाडौं

# जोखिममा आधारित साकोस सुपरीवेक्षण (Credit Union Risk Based Supervision)

# एकीकृत सुपरीवेक्षण मार्गनिर्देशिका २०७९

## १. पृष्ठभूमि :

बि.सं. २०१० सालमा सहकारी विभागको स्थापनासँगै नेपालका सहकारीहरूको स्थापनाको बाटो खुलेको अवस्थामा वि.सं. २०१३ सालमा चितवनको वखान सहकारीसँगै नेपालमा बचत तथा ऋण सहकारी संस्थाहरूको स्थापना भएको देखिन्छ । त्यसबेला सहकारीको विभाग स्थापना भएतापनि स्पष्टरूपमा कानुन तय नभएको हुँदा सहकारीहरूको स्थापनाले सही गति पाउन सकेको थिएन । वि.सं. २०४८ सालमा सहकारी ऐन आएसँगै सहकारीहरूको स्थापना क्रम वृद्धि हुँदैगएको हो । त्यसका साथै विभिन्न समयमा सहकारीसम्बन्धी नियमावली, मापदण्डहरूमार्फत सरकारले सहकारीलाई व्यवस्थित गर्ने कार्य गर्ने प्रयाश गरेको पाइन्छ । यसरी सहकारीहरूको स्थापना त भयो तर सहकारीहरूको उचित अनुगमन तथा नियमनको अभावका कारण सबै सहकारीहरू सही ढंगबाट परिचालित हुन कठिन भएको पाइन्छ । विशेष गरी बचत तथा ऋणको कारोबार गर्ने सहकारीहरूको प्रमुख कार्य नै सदस्यहरूबाट बचत संकलन गरी सदस्यहरूमा ऋण प्रवाह गर्ने हो तर ती बचत तथा ऋण सहकारीहरूले समयसँगै उचित वित्तीय व्यवस्थापन गर्न नसक्नु र सदस्यहरू केन्द्रित कार्य नगर्नु  तथा सहकारीका सिद्धान्त मुल्यहरूको कमजोर कार्यान्वयनले जोखिमको तह बढ्दै गएको देखिन्छ।

जोखिम सबै व्यवसायमा विद्यमान रहन्छ वा भनौ व्यवसायिक व्यवस्थापन भनेको नै जोखिमको सही व्यवस्थापन सँग सम्बन्धित छ । सहकारीहरूले समयसापेक्ष जोखिमको अनुगमत तथा नियन्त्रण गर्न नसकेका कारण उत्पन्न हुने समस्याका कारण यस क्षेत्रबाट देश र जनताले लिन सक्ने फाइदा पर्याप्त मात्रामा लिन सकिरहेका छैनन् । यदि साकोहरूले जोखिम सघनताको आधारमा स्वअनुगमत तथा नियन्त्रण गर्दै जाने र वित्तीय व्यवस्थापलाई चुस्त गर्दा जोखम अवसरको रूपमा विकास गर्न सकिन्छ । त्यसैले साकोसहरूले जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्व अनुगमन गर्न सञ्जालको प्रयोग आवश्यकता भइसकेको छ ।बचत तथा ऋण सहकारीहरूको केन्द्रीय संघका रूपमा रहेको नेपाल बचत तथा ऋण केन्द्रीय सकहारी संघ (नेफस्कून) मा आबद्ध साकोसहरूको दीगो विकासका लागि जोखिममा आधारित सुपरिवेक्षणमार्फत साकोस व्यवस्थापनमा सहयोग गर्ने तथा सहकारी ऐन २०७४ बमोजिम साकोसको दीगो विकासका लागि केन्द्रीय संघहरूमार्फत नियमित अनुगमन गरी यस क्षेत्रमा रहेको सदस्यहरूको बचतको संरक्षण गर्न जोखिममा आधारित सुपरिवेक्षण कार्यक्रम संचालनमा आएको छ । सुपरिवेक्षणमा देखिएका कैफियतहरूको आवश्यकता अनुसार कानूनी तथा तालिम कार्यक्रमहरूमार्फत उज्वल भविष्यको सिर्जना गर्न यस कार्यक्रमको आयोजना गरिएको हो ।बचत तथा ऋण सहकारी संस्थाहरू अन्तर्राष्ट्रिय सहकारी मुल्य–मान्यता र सिद्धान्तमा आधारित भई सदस्यहरूसँग मात्र कारोबार गर्ने व्यवसायिक संस्था भएपनि संस्थाहरूको व्यवसायिक कारोबारमाअन्य व्यवसायमा जस्तै जोखिम विद्यामान रहन्छ । जोखिम आफैमा समस्या होइन तर यसले संस्थामा थुप्रै समस्याहरू सिर्जनाको कारक बन्दछ । जोखिम सिर्जना भै सकेपछि सामना गर्नु बाहेक अरू उपाय हुँदैन र त्यसले दुर्घटना वा घाटा बाहेक संस्थालाई अरू केही गर्दैन तर जोखिम सिर्जना हुनु अगावै सम्भावित जोखिमहरूको पूर्व अनुमान गरी व्यवस्थापनका औजारहरूमार्फत समाधान खोजियो भने जोखिम व्यवस्थापन साकोस व्यवसायको अभिन्न अंग बन्न सक्छ र यसले साकोसको व्यवसायिक छवि वृद्धि पनि गरेको हुन्छ ।

जोखिम विश्लेषणका थुप्रै विधिहरू वित्तीय क्षेत्रले प्रयोग गरेको पाइन्छ । राष्ट्रिय कानुन, समुदायको मूल्यमान्यताका आधारमा मात्र नभई वित्तीय कारोबार गर्ने संस्थाहरूले जोखिमको विश्लेषण अन्तर्राष्ट्रिय अभ्यासका आधारमा पनि गर्नुपर्ने हुन्छ । सदस्यहरूको बचत तथा कारोबारको सुरक्षाको प्रत्याभूति दिन सक्षम हुनु साकोसको आजको आवश्यकता हो । नेपालको सन्दर्भमा जोखिममा आधारित सुपरिवेक्षण साकोसमा लागू गर्न  साकोस अभियानले आवश्यकता महशुस गरी नेफस्कूनको साधारण सभाले विनियम संशोधन गरी स्वःनियमनमार्फत सदस्यहरूकै लागत सहभागितामा नियमित अनुगमन तथा सुपरीवेक्षण गरी आन्तरिक सुशासन कायम गर्दै सदस्य संस्थाहरूलाई व्यवस्थापकीय रूपमा सक्षम बनाई समुदायमा आधारित दीगो संस्थागत विकास गराउन जोखिममा आधारित साकोस सुपरिवेक्षण (Credit Union Risk Based Supervision) को अवधारणा कार्यान्वयनमा रहिरहेकोछ ।

संघले तयार गरेको यस जोखिममा आधारित सुपरिवेक्षण कार्यक्रमको मूल्याङकन गर्दा वित्तीय क्षेत्रको जोखिमको अंकभार ५० राखी २५ वटा अन्तर्राष्ट्रिय ऋण महासंघबाट प्रतिपादित पर्ल्सका सूचकहरूबाट परीक्षणको व्यवस्था गरिएको छ । जोखिमका अरू क्षेत्रहरूको अंकभार ५० कायम गरी यसमा सूचकहरू ५० व्यवस्था गरी साकोसको जोखिमको परीक्षण गर्ने व्यवस्था गरिएको छ । यसरी जम्मा ७५ वटा सूचकहरूले १०० अंकभारको आधारमा परीक्षण गरिन्छ ।  यसको बिस्तृत विवरण तपसिलको तालिका बमोजिम रहेको छ । यसरी परीक्षण गरिएको अनुगमनको जोखिमको अवस्थाको आधारमा संस्थाको जोखिम र सुधारात्मक कदमको विषयमा मासिक/त्रैमासिक/अर्धबार्षिक/वार्षिक रूपमा साकोसले नै परीक्षण गर्न र नियमित रूपमा संघबाट स्थलगत तथा गैह्रस्थलगत परीक्षण र पृष्ठपोषण प्राप्त गर्न सक्दछ ।

## २. जोखिम परीक्षणका क्षेत्रहरू:

जोखिममा आधारित सुपरिवेक्षण तथा अनुगमनको लागि वित्तीय र सुशासन तथा व्यवस्थापनका पक्षहरूको आधारमा मापन गरिनेछ । वित्तीय क्षेत्रका जोखिमहरू विश्लेषणका लागि पर्ल्सका २५ वटा सूचकहरूलाई आधार लिईएको छ भने सुशासन तथा व्यवस्थापनका क्षेत्रमा ५० वटा मुख्य सूचकहरूलाई आधार बनाईएको छ । यसरी लिइएका सूचकहरू विश्व अभ्यासलाई नेपाली सन्दर्भमा परिमार्जन गरी संघको अनुभव समेत संलग्न गरी निर्माण गरिएको छ । जोखिम विश्लेषणका सूचकहरू निम्न अनुसार रहेका छन् :

| क्र.सं. | संक्षेपीकरण<br>सूचक | अंकभार |
|---|---|---|
| **पर्ल्स PEARLS-50** (सबै सूचकहरूमा अधिकतम जोखिम ३) | | |
| १. | बाह्र महिनाभन्दा बढी भाखा नाघेको ऋण रकमको लागि गरिएको ऋण सुरक्षण कोष-P1 | ३ |
| २. | एकदेखि बाह्र महिनासम्म भाखा नाघेको ऋण रकमको लागि गरिएको ऋण सुरक्षण कोष-P2 | ३ |
| ३. | एकदेखि बाह्र महिनासम्मको भाखा नाघेको ऋणको सुरक्षणको लागि अतिरिक्त कोष व्यवस्था -P2x | ३ |
| ४. | साकोसमा ऋण अपलेखनको व्यवस्था -P3, P4, P5 | ३ |
| ५. | संस्थाको तिर्न सक्ने क्षमता-P6 | ३ |
| ६. | कुल सम्पत्तिको अनुपातमा शुद्ध ऋण लगानी -E1 | ३ |
| ७. | कुल सम्पत्तिको अनुपातमा तरल लगानी E2 र वित्तीय लगानी -E3 | ३ |
| ८ | कुल सम्पत्तिको अनुपातमा गैह्र वित्तीय लगानी -E4 | ३ |
| ९. | कुल सम्पत्तिको अनुपातमा कुल बचत निक्षेप -E5 | ३ |
| १०. | कुल सम्पत्तिको अनुपातमा बाह्य ऋण -E6 | ३ |
| ११. | कुल सम्पत्तिको अनुपातमा शेयर पुँजी -E7 | ३ |
| १२. | कुल सम्पत्तिको अनुपातमा शुद्ध संस्थागत पुँजी -E9 | ३ |
| १३. | कुल लगानीमा रहेको ऋणको अनुपातमा कुल भाखा नाघेको ऋण -A1 | ३ |
| १४. | कुल सम्पत्तिको अनुपातमा आयआर्जन नगर्ने सम्पत्ति -A2 | ३ |
| १५. | कुल आयआर्जन नगर्ने सम्पत्तिको तुलनामा शुद्ध लागतरहित कोषको अवस्था -A3 | ३ |
| १६. | औषत कुल शुद्ध ऋण लगानीको अनुपातमा ऋण लगानीबाट प्राप्त आम्दानी -R1 | ३ |

| | | |
|---|---|---|
| १७. | औषत तरल लगानीको अनुपातमा प्राप्त आम्दानी R2 र वित्तीय लगानीमा प्राप्त आम्दानी R3 | ३ |
| १८. | औषत बचतको अनुपातमा बचतमा तिरेको ब्याज खर्च - R5 र औषत बाह्य ऋणको अनुपातमा बाह्य ऋणमा तिरेको ब्याज खर्च - R6 | ३ |
| १९. | औषत बाह्य ऋणको अनुपातमा बाह्य ऋणमा तिरेको ब्याज खर्च -R6 | ३ |
| २०. | औषत शेयर पुँजीको अनुपातमा लाभांश वितरण -R7 | ३ |
| २१. | औषत कुल सम्पत्तिको अनुपातमा खुद बचत – R12 | ३ |
| २२. | कुल बचत निक्षेपको अनुपातमा तरल जगेडा मौज्दात -L1 | ३ |
| २३. | जम्मा सम्पत्तिको अनुपातमा नकमाउने तरल सम्पत्ति - L3 | ३ |
| २४. | सदस्य संख्याको वृद्धिदर -S10 | ३ |
| २५. | कुल सम्पत्तिको वृद्धिदर -S11 | ३ |

| **क्र.सं.** | **संस्थागत विकास CO-SMILE**<br>(सबै सूचकहरूमा अधिकतम जोखिम ३) | **जोखिमको क्षेत्र** | **अंकभार** |
|---|---|---|---|
| २६. | ऋणनीतिको जोखिम | C= Credit Risk<br>ऋण जोखिम | ३ |
| २७. | ऋण सेवा विकास (क्षेत्रगत तथा व्याक्तिगत सीमा) जोखिम | | ३ |
| २८. | ऋण विश्लेषण धितो, जमानत तथा बीमा जोखिम | | ३ |
| २९. | ऋणसम्बन्धी कागजात जोखिम | | ३ |
| ३०. | ऋण लगानी प्रक्रिया जोखिम | | ३ |
| ३१. | ऋण असुली जोखिम | | ३ |
| ३२. | सञ्चालक, उप समिति, कर्मचारीहरू तथा निजका आफन्तहरूको ऋणमा जोखिम | | ३ |
| ३३. | ऋण सदुपयोगिता अनुगमन जोखिम | | ३ |
| ३४. | ऋण परिचालन क्षमता जोखिम | | ३ |

| | | | |
|---|---|---|---|
| ३५. | वित्तीय औजार तथा भुक्तानी नियन्त्रण प्रणाली | O= Operational Risk संचालन जोखिम | ३ |
| ३६. | नगद नियन्त्रण प्रणाली | | ३ |
| ३७. | संचालन त्रुटि व्यवस्थापन जोखिम | | ३ |
| ३८. | कर्मचारी व्यवस्थापन तथा क्षमता विकास जोखिम | | ३ |
| ३९. | कर्मचारी सन्तुष्टिगत जोखिम | | ३ |
| ४०. | कर्मचारी कार्यविवरण तथा कार्यसम्पादन मुल्याङकन जोखिम | | ३ |
| ४१. | कर्मचारीहरूको आचरण तथा व्यवहार जोखिम | | ३ |
| ४२. | कार्यालय वातावरण तथा कार्यढाँचा जोखिम | | ३ |
| ४३. | सुरक्षा तथा विपत व्यवस्थापन योजना जोखिम | | ३ |
| ४४. | साकोस ब्राण्ड विकास र प्रवर्द्धन जोखिम | | ३ |
| ४५. | सेवा केन्द्र सञ्चालनमा जोखिम | | ३ |
| ४६. | रणनीतिक तथा वार्षिक योजनामा विद्यमान जोखिम | SM= Strategic Business and Market Risk रणनीतिक व्यसायिक र बजार जोखिम | ३ |
| ४७. | नीति तथा कार्यविधिहरूमा विद्यमान जोखिम | | ३ |
| ४८. | उत्पादन तथा सेवाको विकास तथा बजारीकरण जोखिम | | ३ |
| ४९. | ब्याजदर जोखिम | | ३ |
| ५०. | अभिलेख व्यवस्थापन, सुरक्षा तथा व्यवसायिक पद्दति जोखिम | | ३ |
| ५१. | सदस्य जोखिम | | ३ |
| ५२. | बजारको वाह्य जोखिम | | ३ |

| | | | |
|---|---|---|---|
| ५३. | लेखा सुपरीवेक्षण समितिको क्षमता जोखिम | I= Internal Control and Information Technology<br>आन्तरिक नियन्त्रण तथा सूचना प्रविधि जोखिम | ३ |
| ५४. | आन्तरिक लेखा परीक्षण कार्यविधि जोखिम | | ३ |
| ५५. | लेखा सुपरीवेक्षण समिति तथा आन्तरिक लेखा परीक्षण प्रतिवेदन जोखिम | | ३ |
| ५६. | व्यवस्थापन संरचनाभित्र जिम्मेवारी बाँडफाँड र सम्बन्ध जोखिम | | ३ |
| ५७. | योजनामा आधारित बजेट तथा खर्च प्रणाली जोखिम | | ३ |
| ५८. | लेखा प्रणाली जोखिम | | ३ |
| ५९. | वाहया लेखा परीक्षण नियुक्ति र प्रतिवेदन जोखिम | | ३ |
| ६०. | सूचना प्रविधि जोखिम | | ३ |
| ६१. | सूचना प्रविधिमा कर्मचारीहरूको दक्षता एवं नियन्त्रण जोखिम | | ३ |
| ६२. | आन्तरिक तथा सदस्य सूचना प्रणाली जोखिम | | ३ |
| ६३. | सहकारी कानुनसम्बन्धी जोखिम | LE= Legitimacy and Good Governance Risk<br>वैधानिकता तथा सुशासन जोखिम | ३ |
| ६४. | सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिम | | ३ |
| ६५. | सार्वजनिक खरिद ऐनसम्बन्धी जोखिम | | ३ |
| ६६. | श्रम ऐन तथा सामाजिक सुरक्षा कोष ऐन | | ३ |
| ६७. | आय कर तथा अन्य कर दायित्व जोखिम | | ३ |
| ६८. | नियमनकारी निकायहरूमा प्रतिवेदन जोखिम | | ३ |
| ६९. | साधारण सभा जोखिम | | ३ |
| ७०. | समिति तथा उप-समितिहरूको गठन तथा प्रभावकारिता जोखिम | | ३ |
| ७१. | वित्तीय अनुशासन तथा सम्पत्ति सामान दुरूपयोगको जोखिम | | ३ |
| ७२. | कानूनी तथा व्यवसायिक क्षमता विकास जोखिम | | ३ |

| क्र.सं. | सदस्य सहभागिता जोखिम | अंकभार |
|---|---|---|
| ७३. | संस्थापकीय सरोकार जोखिम | ३ |
| ७४. | सञ्चालकीय सक्रियता जोखिम | ३ |
| ७५. | संरक्षकीय सम्बन्धन जोखिम | ३ |

## जोखिमको क्षेत्रअनुसार अङ्कन तालिका

| क्र स | जोखिमको क्षेत्र तथा कुल सूचक | अधिकतम जोखिम अंक | जोखिम कुल भार अंक | जोखिम प्राप्ताङ्क* |
|---|---|---|---|---|
| १. | वित्तीय जोखिम- PEARLS जम्मा २५ | ७५ | ५० | |
| २. | संस्थागत विकास - CO-SMILE ४७ | १४१ | ३० | |
| ३. | सदस्यता सहभागिता- ३ | ९ | २० | |

* जोखिम प्राप्ताङ्क गणना गर्दा वित्तीय क्षेत्रमा पूर्णाङ्क ७५ मा पाएको अंकलाई जोखिम भार ५० मा परिवर्तन गर्नुपर्दछ । त्यस्तै संस्थागत विकासका पूर्णाङ्क १४७ मा पाएको अंकलाई जोखिम भार ३० र सदस्य सहभागिता पूर्णाङ्क ९ मा जोखिमको भार २० गणना गरी कुल जोखिम अंक निकाल्नु पर्दछ । तिनै परिवर्तित भार अंकको योगफल नै साकोसमा भएको जोखिम अंक हो ।

## प्राप्ताङ्क अनुसार संस्थाको जोखिमको अवस्था

| क्र स | जोखिम प्राप्ताङ्क | संस्थाको अवस्था | जोखिमको अवस्था | नेफ्कूनले गर्नुपर्ने | स्थिरीकरण कोषले गर्नुपर्ने | स्थिरीकरण कोषमा योगदान दर |
|---|---|---|---|---|---|---|
| १ | ५० भन्दा कम | सामान्य जोखिम | | मासिक प्रतिवेदन, वार्षिक स्थलगत तथा ब्राण्ड प्रदान | | कुल तोकिएको दरको.... प्रतिशत |
| २ | ५१ देखि ७० सम्म | मध्यम जोखिम | | मासिक प्रतिवेदन अर्धवार्षिक स्थलगत अन्वेषण र ब्राण्ड | व्यवस्थापन परामर्श | कुल तोकिएको दरको .... प्रतिशत |
| ३ | ७१ भन्दा माथि | उच्च जोखिम भएको | | मासिक प्रतिवेदन त्रैमासिक स्थलगत | सहजीकरण | कुल तोकिएको दरको ..... प्रतिशत |

# एकीकृत सुपरीवेक्षणका सूचकहरू

## वित्तीय जोखिम सूचकहरु:

<table>
<tr><th colspan="5">१. P1 - १२महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि जोखिम कोषको व्यवस्था : (३)</th></tr>
<tr><th>परीक्षणका साधनहरु</th><th>परीक्षकले ध्यान दिनु पर्ने कुराहरु</th><th colspan="3">जोखिमको अवस्था</th></tr>
<tr>
<td rowspan="3">• वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• १२ महिनाको ऋण वर्गीकरण (Loan aging) प्रतिवेदन<br>• सञ्चालक समितिमा व्यवस्थापकले पेस गरेको व्यवस्थापन प्रतिवेदन ।<br>• संस्थाको ऋणनीति विकास, कार्यान्वयन तथा अद्यावधिक ।<br>• कुल ऋणी सदस्य संख्याको कम्तीमा ५ प्रतिशत ऋणीको फाइलको परीक्षण गर्नुपर्दछ । यदि ऋणनीति र सिद्धान्त अनुसार नमिलेको पाइएमा अर्को ५ प्रतिशत फाइलको परीक्षण गर्नुपर्दछ । यदि दोस्रो पटकको परीक्षणमा पनि कैफियत देखिएमा अन्य सूचकहरूको परीक्षण गर्नु आवश्यक पर्दैन । सो साकोस जोखिम युक्त प्रमाणित हुन्छ ।<br>• ऋण सुरक्षण कोषको व्यवस्था लेखा परीक्षणमा भएको व्यवस्थादेखि हालसम्मको व्यवस्थाको तुलनात्मक विश्लेषण ।<br>• विधुतीय अभिलेख परीक्षण (प्राप्त प्रतिवेदनसँग मिल्छ मिल्दैन)<br>• DOSARI Account (Directors, Officers, staffsand other Related Interests)को नाममा भएको ऋण फाइल</td>
<td rowspan="3"><u>यो सूचक अनिवार्य सूचक हो । यसमा पर्ल्सको मापदण्ड अनुसार जोखिम कोषको व्यवस्था अनिवार्य छ ।</u><br><br>• परीक्षकले साकोसमा ऋणनीति भए नभएको, सोही नीतिभित्र रही सन्दर्भ ब्याजदर, प्रतिष्पर्धी बजारदर, कम्तीमा ५ प्रतिशत सदस्य सर्वेक्षण, तोकिएको फरकतादर लगायतका अन्य विधिहरूमार्फत ब्याजदर परितर्वन सक्ने व्यवस्था हुने गरी ऋणनीतिमा व्यवस्था भएको सुनिश्चित गर्नुपर्दछ ।<br>• कम्तीमा ३० प्रतिशत ऋण मासिक किस्तामा छ छैन सुनिश्चित गर्नुपर्दछ ।<br>• ऋणीलाई ६ महिना भन्दा बढी समयको किस्ताबन्दी तालिका दिएको छ छैन सुनिश्चित गर्नुपर्दछ ।<br>• ऋणनीतिमा उल्लेख भएको आवश्यक कागजपत्रहरू भए नभएको सुनिश्चित गर्नुपर्दछ ।<br>• सुपरीवेक्षकले विभिन्न समयमा दिएका सुझावहरूको कार्यान्वयनको अवस्था अध्ययन गर्नुपर्दछ ।<br>• ऋणको नवीकरण नभएको सुनिश्चित गर्नुपर्दछ । नवीकरण भएको ऋणको शतप्रतिशतको दरमा ऋण सुरक्षण कोषको व्यवस्था रहेको सुनिश्चित गर्नुपर्दछ ।<br>• ऋण वर्गीकरण प्रतिवेदन (Loan aging report ) को शुद्धताको जिम्मेवारी साकोस व्यवस्थापनमा हुनेछ तर परीक्षकले सो वर्गीकरण प्रतिवेदन (Aging report ) को शुद्धता परीक्षण गर्नुपर्नेछ ।<br>• विना धितोमा लगानी गरिएको ऋणहरूको पहिचान गरी जोखिम व्यवस्थाको अवस्था अध्ययन गर्नुपर्दछ ।<br>• संस्थाको सञ्चालक समिति, लेखा समिति, उपसमिति तथा व्यवस्थापनमा संलग्न व्यक्तिहरूको लगानी तथा असुली, ब्याजदर, किस्ता निर्धारण प्रक्रिया अन्य सदस्यभन्दा भिन्न छ छैन सुनिश्चित गर्नुपर्दछ ।<br>• कुल जोखिमको लागि आवश्यक रकमले जोखिम कोष (आवश्यक मात्र) रकमलाई भाग गरी शत प्रतिशत भएको सुनिश्चित गर्नुपर्दछ ।<br>• पूरै अवधि भाखा नाघेको ऋणलाई शतप्रतिशत भाखा नाघेको ऋणमा गणना गरिएको सुनिश्चित गर्नुपर्दछ ।<br><br><u>(स्मरण गर्नुपर्ने कुरा : कुनै साकोसमा १०० प्रतिशत र ३५ प्रतिशतको पूर्ण व्यवस्था नहुँदा सम्म प्राप्ताङ्क ५० भन्दा कम भए पनि कुल अंक ५० भन्दा बढी नै भएको मानिने छ ।</u></td>
<td>जोखिम कोषमा १०० प्रतिशत भन्दा कम व्यवस्था भएको । ऋणनीति नमुना अनुसारको नभएको । मासिक रूपमा जोखिम व्यहोर्ने कोषमा रकम थपघट नभएको ।</td><td>उच्च</td><td>३</td>
</tr>
<tr><td>कोष १०० प्रतिशत नै व्यवस्था गरेको तर ऋणनीतिको अभ्यास नमुना ऋणनीति अनुसार नभएको । कोषमा मासिक रूपमा नभई अनियमित रूपमा रकम जम्मा गरेको ।</td><td>मध्यम</td><td>२</td></tr>
<tr><td>जोखिम कोषमा १०० प्रतिशत व्यवस्था भएको ।<br><br>ऋणनीति नमुना अनुसारको भएको । मासिक रूपमा कोषमा रकम थपघट भएको । जोखिम कोष खर्च लेख्ने अधिकार र अभ्यास व्यवस्थापनमा रहेको ।</td><td>सामान्य</td><td>१</td></tr>
</table>

| २. P2 - १ महिनादेखि १२महिनासम्म भाखा नाघेको ऋणको लागि जोखिम कोषको व्यवस्था : | | | | (३) |
|---|---|---|---|---|
| **परीक्षणका साधनहरु** | **परीक्षकले ध्यान दिनु पर्ने कुराहरु** | **जोखिमको अवस्था** | | |
| • भाखा नाघेको ऋणको गणना एक दिन नाघेमा भाखा नाघेको स्तरमा गणना भएको हुनुपर्दछ । यसमा साँवा, ब्याज र आँशिक भुक्तानीसमेत पर्दछ ।<br>• वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• १२ महिनाको ऋण वर्गीकरण (Loan aging) प्रतिवेदन<br>• संस्थाको ऋणनीति विकास, कार्यान्वयन तथा अद्यावधिक<br>• सञ्चालक समितिमा व्यवस्थापकले पेस गरेको व्यवस्थापन प्रतिवेदन<br>• कुल सदस्य संख्याको कम्तीमा ५ प्रतिशत ऋणीको फाइलको परीक्षण गर्नुपर्दछ । यदि ऋणनीति र सिद्धान्त अनुसार नमिलेको पाइएमा अर्को ५ प्रतिशत फाइलको परीक्षण गर्नुपर्दछ । यदि दोस्रो पटकको परीक्षणमा पनि कैफियत देखिएमा अन्य सूचकहरूको परीक्षण गर्नु आवश्यक पर्दैन । सो साकोस स्तरीकरणको लागि अयोग्य हुन्छ ।<br>• ऋण सुरक्षण कोषको व्यवस्था लेखा परीक्षणमा भएको व्यवस्थादेखि हालसम्मको व्यवस्था<br>• विधुतीय अभिलेख परीक्षण (प्राप्त प्रतिवेदनसँग मिल्छ मिल्दैन)<br>• DOSARI Account(Directors, Officers, staffs and other Related Interests)को नाममा भएको ऋण फाइल | **यो सूचक अनिवार्य सूचक हो । पर्ल्स अनुपातभन्दा बढी भाखा नाघेको ऋण देखिएमा अन्तिम परीक्षण हुने छैन ।**<br>• परीक्षकले साकोसमा सञ्चालक समितिले विकास तथा लागु गरी साधारण सभाले अनुमोदन गरेको ऋणनीति भए नभएको, नीतिमा भएको व्यवस्था कार्यान्वयन भए नभएको तथा नीतिलाई वार्षिक रूपमा अद्यावधिक भए नभएको सूनिश्चित गर्नुपर्दछ ।<br>• कम्तीमा ३० प्रतिशत ऋण मासिक किस्तामा छ छैन सुनिश्चित गर्नुपर्दछ ।<br>• ऋणीलाई ६ महिनाभन्दा बढी समयको किस्ताबन्दी तालिका दिएको छ छैन सुनिश्चित गर्नुपर्दछ ।<br>• ऋणनीतिमा उल्लेख भएको आवश्यक कागजपत्रहरू भए नभएको सुनिश्चित गर्नुपर्दछ ।<br>• सुपरीवेक्षकले विभिन्न समयमा दिएका सुझावहरूको कार्यान्वयनको अवस्था अध्ययन गर्नुपर्दछ ।<br>• एक पटक भैसकेको त्रुटिहरू पुनः दोहोरिएका छन् छैनन् सुनिश्चित गर्नुपर्दछ ।<br>• ऋण वर्गीकरण प्रतिवेदन (Loan aging report ) को शुद्धताको जिम्मेवारी साकोस व्यवस्थापनमा हुनेछ तर परीक्षकले सो वर्गीकरण प्रतिवेदन (Aging report ) को शुद्धता परीक्षण गर्नुपर्नेछ ।<br>• विना धितोमा लगानी गरिएको ऋणहरूको पहिचान गरी जोखिम व्यवस्थाको अवस्था अध्ययन गर्नुपर्दछ ।<br>• संस्थाको सञ्चालक समिति, लेखा समिति, उपसमिति तथा व्यवस्थापनमा संलग्न व्यक्तिहरूको लगानी तथा असुली, ब्याजदर, किस्ता निर्धारण प्रक्रिया अन्य सदस्यभन्दा भिन्न छ छैन सुनिश्चित गर्नुपर्दछ ।<br>• कुल जोखिमको लागि आवश्यक रकमले जोखिम कोष ( आवश्यक मात्र) रकमलाई भाग गरी ३५ प्रतिशत भएको सुनिश्चित गर्नुपर्दछ ।<br>(स्मरण गर्नुपर्ने कुरा : कुनै साकोसमा १०० प्रतिशत र ३५ प्रतिशतको पूर्ण व्यवस्था नहुँदासम्म प्राप्ताङ्क ५० भन्दा कम भए पनि कुल अंक ५० भन्दा बढी नै भएको मानिने छ ।) | जोखिम कोषमा ३५ प्रतिशतभन्दा कम व्यवस्था भएको । ऋणनीति नमुना अनुसारको नभएको । मासिक रूपमा जोखिम व्यहोर्ने कोषमा रकम थपघट नभएको । | उच्च | ३ |
| | | कोष ३५ प्रतिशत नै व्यवस्था गरेको तर ऋणनीतिको अभ्यास नमुना ऋणनीति अनुसार नभएको । कोषमा मासिक रूपमा नभइ अनियमित रूपमा रकम जम्मा गरेको । | मध्यम | २ |
| | | जोखिम कोषमा ३५ प्रतिशत व्यवस्था भएको ।<br><br>ऋणनीति नमुना अनुसारको भएको । मासिक रूपमा कोषमा रकम थपघट भएको । जोखिम कोष खर्च लेख्ने अधिकार र अभ्यास व्यवस्थापनमा रहेको । | सामान्य | १ |

## ३. P2x - एकदेखि बाह्र महिनासम्म भाखा नाघेको ऋणको लागि अतिरिक्त कोष व्यवस्था (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• १२ महिनाको ऋण वर्गीकरण (Loan aging) प्रतिवेदन<br>• संस्थाको ऋणनीति विकास, कार्यान्वयन तथा अद्यावधिक<br>• सञ्चालक समितिमा व्यवस्थापकले पेस गरेको व्यवस्थापन प्रतिवेदन | • पी वान र पी टु का शर्तहरू पूरा गरेको नगरेको परीक्षण गर्ने ।<br>• एकदेखि ३० दिन भाखा नाघेको ऋण मात्र असल ऋणमा गणना गरेको सुनिश्चित गर्ने ।<br>• P2x गणना गर्दा कुल असल ऋणले जोखिम व्यहोर्ने कोषमा P1 र P2लाई आवश्यक रकम पुगे पछि बाँकी रकमलाई भाग गरी प्रतिशतमा निकाल्ने ।<br>• भाखा ननाघेको ऋण तर कानूनी व्यवस्थाको परिपालना नभएका ऋणहरू, नीतिगत व्यवस्था अनुरूप प्रक्रिया एवं कागजात नपुगेका ऋणहरू पहिचान गरी सो ऋणको अतिरिक्त जोखिम कोषको व्यवस्था गरेको सुनिश्चित गर्नुपर्दछ ।<br>• नोट : यस सूचकलाई अनिवार्य गरिएको छ । नपुगेको अवस्थामा संस्था अन्य सूचकहरूमा जे भएपनि उच्च जोखिम गणना गरिनेछ । संस्था अन्तिम परीक्षणमा सहभागी हुन सक्ने छैन । | असल ऋणको लागि ०.५ प्रतिशतभन्दा कम व्यवस्था रहेको | उच्च | ३ |
| | | असल ऋणको लागि ०.५ देखि ०.९ प्रतिशतसम्म व्यवस्था रहेको | मध्यम | २ |
| | | असल ऋणको लागि १ प्रतिशत व्यवस्था खर्चबाट गरेको । अन्य जोखिमयुक्त ऋणको समेत जोखिम विश्लेषण गरी अतिरिक्त जोखिमकोषको व्यवस्था गरेको । | सामान्य | १ |

## ४. P3, P4 & P5 ऋण चार्ज अफ तथा असुली व्यवस्थाः (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • ऋणनीति<br>• अडिट प्रतिवेदन<br>• व्यवस्थापनको मासिक प्रगति प्रतिवेदन<br>• चार्ज अफ रेकर्ड | • ऋण नीतमा चार्ज अफको व्यवस्था भए नभएको परीक्षण गरिनुपर्दछ ।<br>• भाखा नाघेको ऋण चार्जअफ गर्नुपूर्व असुलीका लागि पर्याप्त नीतिगत र कानूनी व्यवस्था अनुरूपको असुली प्रयास गरिएको सुनिश्चित गर्नुपर्दछ ।<br>• एक बर्ष भाखा नाघेको ऋणको रूपमा जोखिम खर्च लेखेको एक बर्ष वितेका ऋणहरू चार्ज अफ भएको सुनिश्चित गरिनुपर्दछ ।<br>• चार्ज अफ गरिएका ऋणको प्रतिवेदन सञ्चालक समितिमा प्रगति सहित पेस गर्नुपर्दछ ।<br>• १ बर्षभन्दा बढी समय भाखा नाघेको ऋण (चार्ज अफ गर्नुपर्ने ऋण) लाई त्रैमासिक रूपमा सबै चार्ज अफ भएको सुनिश्चित गरिनुपर्दछ ।<br>• कुल चार्ज अफ गर्नुपर्ने ऋण सबै चार्ज अफ भएको सुनिश्चित गरिनुपर्दछ।<br>• चार्ज अफ भएको ऋणको ७५ प्रतिशत सोही आ.व. मा असुली भई सक्नुपर्दछ ।<br>• चार्ज अफ ऋणको अलग्गै लेखा राखेको सुनिश्चित गरिनुपर्दछ । | ऋणनीतिमा चार्ज अफको व्यवस्था नभएको, एक बर्ष भाखा नाघेको ऋणको रूपमा जोखिम खर्च लेखेको एक बर्ष बितेका ऋणहरू चार्ज अफ नभएको, चार्ज अफ गरिएका ऋणको प्रतिवेदन सञ्चालक समितिमा प्रगति सहित पेस नगरेको, कुल चार्ज अफ गर्नुपर्ने ऋण सबै चार्ज अफ नभएका, चार्ज अफ भएको ऋणको २५ प्रतिशत सोही आ.व. मा असुली भई नसकेको, चार्ज अफ ऋणको अलग्गै लेखा नराखेको । | उच्च | ३ |
| | | ऋण नीतिमा चार्ज अफको व्यवस्था भएको, एक बर्ष भाखा नाघेको ऋणको रूपमा जोखिम खर्च लेखेको एक बर्ष वितेका ऋणहरू चार्ज अफ भएको, चार्ज अफ गरिएका ऋणको प्रतिवेदन सञ्चालक समितिमा प्रगति सहित पेस गरेको, कुल चार्ज अफ गर्नुपर्ने ऋण सबै चार्ज अफ नभएको, चार्ज अफ भएको ऋणको ५० प्रतिशत सोही आ.व. मा असुली भई सकेको, चार्ज अफ ऋणको अलग्गै लेखा राखेको । | मध्यम | २ |
| | | ऋण नीतमा चार्ज अफको व्यवस्था भएको, एक बर्ष भाखा नाघेको ऋणको रूपमा जोखिम खर्च लेखेको एक बर्ष वितेका ऋणहरू चार्ज अफ भएका, चार्ज अफ गरिएका ऋणको प्रतिवेदन सञ्चालक समितिमा प्रगति सहित पेस गरेको, कुल चार्ज अफ गर्नुपर्ने ऋण सबै चार्ज अफ भएका, चार्ज अफ भएको ऋणको ७५ प्रतिशत सोही आ.व. मा असुली भई सकेको, चार्ज अफ ऋणको अलग्गै लेखा राखेका । | सामान्य | १ |

बिशेष व्यवस्थाः पी वान र पी टु मा जोखिम खर्च पूरा नभएमा अन्य सूचकको आधारमा अंक ५० भन्दा कम आए पनि गणना ५० भन्दामाथि नै रहेको मानिने छ ।

## ५. P6 साकोसको बचत फिर्ता गर्न सक्ने क्षमता (Solvency): (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • वित्तीय प्रतिवेदनहरू वासलात, नाफा नोक्सान | • जोखिम कोषमा आवश्यक रकम व्यवस्था भए नभएको परीक्षण गरिनुपर्दछ ।<br>• समस्यग्रस्त सम्पत्ति भए नभएको परीक्षण गरिनुपर्दछ ।<br>• समस्याग्रस्त सम्पत्तिको भौतिक परीक्षण प्रतिवेदन तयार गरिएको, जोखिम व्यवस्था गरिएको र वार्षिक रूपमा लिलाम तथा अपलेखन गर्ने गरिएको सुनिश्चित गर्नुपर्दछ ।<br>• पर्ल्सको पी ६ को सुत्रबाट साकोसको बचत फिर्ता गर्न सक्ने क्षमताको परीक्षण गरिनुपर्दछ ।<br>***(समस्याग्रस्त सम्पत्ति भन्नाले : संस्थाको उपयोगमा नरहेका स्थिर सम्पत्ति, कार्य सम्पन्न भएको १५ दिनभित्र फर्छौट नभएको पेश्की रकम, कसबाट पाउनुपर्ने हो एकिन नभएको पेश्की तथा पाउनुपर्ने रकम, २ बर्षदेखि प्रतिफल प्राप्त नभएको लगानी हिसाब, सम्बन्धित आ.व. को नोक्सानी एवं सञ्चित नोक्सानी, गैह्र बैकिङ्ग सम्पत्तिलाई बुझ्नुपर्दछ ।)*** | १०० भन्दा कम | उच्च | ३ |
| | | १०० देखि ११० सम्म | मध्यम | २ |
| | | १११ वा सो भन्दा माथि | सामान्य | १ |

## ६. E1 - कुल सम्पत्तिको अनुपातमा शुद्ध ऋण : (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• १२ महिनाको ऋण वर्गीकरण (Loan aging) प्रतिवेदन<br>• संस्थाको ऋणनीति विकास, कार्यान्वयन तथा अद्यावधिक<br>• ऋण सेवाहरूको क्याटलग | • संस्थामा सदस्य बनेको ३ (तीन) महिनाभन्दा बढी नभई ऋण लगानी गरे नगरेको सुनिश्चित गर्नुपर्दछ ।<br>• ब्याज पुँजीकरण गरे नगरेको सुनिश्चित गर्नुपर्दछ ।<br>• सबै ऋणमा घट्दो ब्याजदर कायम गरिए नगरिएको सुनिश्चित गर्नुपर्दछ ।<br>• प्राकृतिक व्यक्तिलाई मात्र ऋण लगानी गरिएको कुरामा सुनिश्चित गर्नुपर्दछ ।<br>• नियमानुसारको फरकता दर (Spread rate) कायम भए नभएको हेर्नु पर्दछ ।<br>• प्राथमिक पुँजीकोषको १० प्रतिशतभन्दा बढी प्रति सदस्य(एकाघर समेत) ऋण लगानी भए नभएको सुनिश्चित गर्नुपर्दछ ।<br>• ऋण लगानीको अवधि बढीमा सामान्य ५ वर्षभन्दा बढी नभएको निश्चित गर्नुपर्दछ, तर निरन्तर ३ महिनाभन्दा लामो समय सम्म तरलता व्यवस्थापन गर्न नसक्ने अवस्थामा सो अवधि बढाउन सक्ने व्यवस्थालाई ख्याल गर्नुपर्दछ ।<br>• संस्थागत सदस्यलाई ऋण लगानी नभएको सुनिश्चित गर्नुपर्दछ,<br>• संस्थाको आफ्नै शेयर धितोमा ऋण लगानी नभएको सुनिश्चित गर्नुपर्दछ ।<br>• क्षेत्रगत ऋण भार (Weights) निर्धारण गरी लगानी भए नभएको एकिन गर्नुपर्दछ ।<br>• ऋण नवीकरण नभएको सुनिश्चित गर्नुपर्दछ ।<br>• कुल ऋण लगानीको भार निर्धारण गर्दा उत्पादनमूलक क्षेत्रमा कम्नीमा ७० प्रतिशत र बढीमा ३० प्रतिशत मात्र अनुत्पादनक क्षेत्रमा लगानी भएको सुनिश्चित गर्नुपर्दछ ।<br>• कुल ऋण लगानीमा रही रहेको रकमबाट जोखिम कोषलाई आवश्यक रकम घटाई आएको रकमलाई कुल सम्पत्तिले भाग गरी प्रतिशतमा आउने अंक नै शुद्ध ऋणको रूपमा लिनु पर्दछ ।<br>• कुल ऋण लगानीमा रही रहेको रकमबाट जोखिम कोषलाई आवश्यक रकम (P1 र P2 को निमित्त आवश्यक रकम) घटाई आएको रकम (जसलाई शुद्ध ऋण भनिन्छ) लाई कुल सम्पत्तिले भाग गरी प्रतिशतमा आउने अंक नै शुद्ध ऋणको रूपमा लिनु पर्दछ । | कुल सम्पत्तिको अनुपातमा सदस्यहरूमा गरिएको शुद्ध ऋण लगानीमा ७० प्रतिशत भन्दा कम वा ८० प्रतिशत भन्दा बढी भएको र ४ वटा भन्दा कम कामयावी ऋणका सेवाहरू भएको । | उच्च | ३ |
| | | कुल सम्पत्तिको अनुपातमा सदस्यहरूमा गरिएको शुद्ध ऋण लगानी ७० देखि ७५ प्रतिशत भएको र ४ वटा कामयावी ऋणका सेवाहरु भएको | मध्यम | २ |
| | | कुल सम्पत्तिको अनुपातमा सदस्यहरूमा गरिएको शुद्ध ऋण लगानी ७५ देखि ८० प्रतिशत भएको र कम्तिमा ५ वटा कामयावी ऋणका सेवाहरू भएको | सामान्य | १ |

| | | | | |
|---|---|---|---|---|
| | • शुद्ध ऋण ७० देखि ८० को बिचमा हुनुपर्दछ ।<br>• एकमुष्ट भुक्तानी ऋण नहुने, यदि असल ऋषीहरूको लागि आम्दानी तथा व्यवसायको प्रकृति हेरी कुल ऋण लगानीमा १ वर्षभन्दा लामो भुक्तानी अवधि नहुने गरी कुल ऋण लगानीको बढीमा १० प्रतिशतसम्म लगानी गर्न सक्नेछ ।<br>• एकपटक ऋण लगानी गरिसकेपछि ५० प्रशितभन्दा कम हुने गरी नियमित रूपमा किस्ता भुक्तान गरेको भए बाँकी ऋण एकमुष्ट भुक्तान गरी नयाँ ऋण लगानी गर्न सक्नेछ ।<br>• बचत धितोको आधारमा लगानी गरिएको ऋण भाखा नाघेको अवस्थामा तिन महिना वा आ.व.को अन्त्य जुन छिटो हुन्छ सोलाई आधार मानेर सो सदस्यको बचत तथा शेयर रकमबाट असुलउपर गरेको सुनिश्चित गर्ने ।<br>• बिना धितो ऋण सदस्यको बचतको तीन गुणासम्म वा रू. १ लाखमध्ये जुन कम हुन्छ सो भन्दा बढी हुनुहुँदैन । अन्य सदस्यको बचत जमानतमा अधिकतम रू. ३ लाखसम्म हुन सक्नेछ ।<br>• ऋण लगानी गर्दा कागजात र प्रक्रिया नपुगेका ऋणहरूलाई समस्याग्रस्तमा राखेर जोखिम कोषको व्यवस्था गरिनुपर्दछ ।<br>• बिना धितो ऋण सदस्यको बचतको तीन गुणासम्म वा रू. १ लाखमध्ये जुन कम हुन्छ सो भन्दा बढी हुनुहुँदैन । अन्य सदस्यको बचत जमानतमा ऋण लगानी गर्दा संस्थाको ऋण कार्यविधिबमोजिमको जोखिम हेरी ऋण लगानी गरेको सुनिश्चित गर्नुपर्दछ ।<br>• ऋणको फाईल र ऋणी संख्या भिडान भए नभएको सुनिश्चित गरिनुपर्दछ ।<br>**स्मरण गर्नुपर्ने कुरा : शुद्ध ऋण भन्नाले कुल ल र र मा आवश्यक जोखिम कोष घटाए पछि बाँकी रहेको ऋणलाई सम्फनु पर्दछ । कुल ऋण लगानी ८० प्रतिशतभन्दा बढी भई शुद्ध ऋण लगानी ७० देखि ८० बिचमा परे पनि ऋणको शुद्धता कायम हुदैन् । यस्तो अवस्थामा अंकन गर्दा पाउने अंकभन्दा १ अंक कम गर्नुपर्दछ ।** | | | |

## ७. E3 - कुल सम्पत्तिको अनुपातमा तरल लगानी E2 र वित्तीय लगानी -E3 (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• संस्थाको लगानी हिसाब | • बैंक, वित्तीय संस्था तथा साकोस सञ्जालमा ब्याज आउने गरी राखिएको बचत रकम तरल लगानी हो । यस्तो रकम कुल पुँजी तथा दायित्वको १६ प्रतिशतभन्दा बढी नभएको सुनिश्चित गर्नुपर्दछ ।<br>• साकोसको सञ्जालमा गरिएका शेयर लगानी, संघहरूमा गरिएको नियमित बचत र वित्तीय संस्थाहरूमा गरिएको मुद्दति बचत वित्तीय लगानी हो ।<br>• कम्पनीहरूमा शेयर लगानी गैह्र कानूनी हो र यो शून्य हुनुपर्दछ ।<br>• वित्तीय लगानीको प्रमाणपत्र हुनुपर्दछ ।<br>• आवधिक बचत राख्दा वित्तीय संस्था एवं साकोस सञ्जालमा ब्याजदरको अफर लेटरमार्फत प्रतिस्पर्धी दर विश्लेषण गरी लगानी गरिएको सुनिश्चित गर्नुपर्दछ ।<br>• कुल सम्पत्तिले कुल वित्तीय लगानीलाई भाग गरी प्रतिशतमा गणना गर्नुपर्दछ ।<br>• कम्तीमा २५ प्रतिशत सदस्यहरूले उपयोग गर्ने सेवाहरूको लागि विशिष्टीकृत संघहरुमा जगेडा कोषको ५ प्रतिशतसम्म गरेको लगानीलाई वित्तीय लगानी नै मानिने छ ।<br>• प्रतिस्पर्धी ब्याजदर र जोखिम विश्लेषण गरी उच्च प्रतिफल दिने बैंक, वित्तीय संस्था तथा सञ्जालमा तरल लगानी गरिएको सुनिश्चितता गर्नुपर्दछ ।<br>• विशिष्टिकृत संघहरूमा गरिएको लगानी जगेडा कोषको ०.५ प्रतिशतभन्दा बढी नभएको । भएमा जोखिम खर्च कटाई संस्थागत पुँजी गणना गरिनेछ । सो भन्दा बढी लगानी भएको अवस्थामा सो बढी भएको रकमलाई संस्थागत कोषमा जोखिम खर्चको रूपमा घटाई गणना गरिनेछ ।<br>• वित्तीय लगानी भएको २ वर्षपश्चात यदि त्यसबाट कुनै प्रतिफल प्राप्त भएको छैन भने सो मा प्रत्येक वर्ष २० प्रतिशतका दरले जोखिम खर्च व्यवस्था गर्नुपर्नेछ । जोखिम खर्च व्यवस्था नगरेको हकमा शुद्ध संस्थागत पुँजीमा आवश्यक जोखिम खर्च बराबरले घटाएर गणना गरिनेछ । | कुल सम्पत्तिको २० प्रतिशतभन्दा बढी तरल लगानी रहेको र ५ प्रतिशतभन्दा बढी वित्तीय लगानी | उच्च | ३ |
| | | कुल सम्पत्तिको १६ देखि २० प्रतिशतसम्म तरल लगानी रहेका, योजनामा आधारित २ देखि ५ प्रतिशतसम्म | मध्यम | २ |
| | | कुल सम्पत्तिको १० देखि १६ प्रतिशतसम्म तरल लगानी रहेको र योजनामा आधारित २ प्रतिशतसम्म | सामान्य | १ |

## ८. E4 - कुल सम्पत्तिको अनुपातमा गैह्र वित्तीय लगानी : (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• लगानी हिसाब | • गैह्र वित्तीय लगानी भन्नाले सहकारी सञ्जाल (नेफ्स्कून, जिल्ला संघ, प्रदेश संघ, सहकारी बैंकहरू) बाहेकको अन्यत्र गरिएको लगानी सम्फिनु पर्दछ ।<br>• कुल गैह्र वित्तीय लगानीलाई कुल सम्पत्तिले भाग गरी आएको अंकको प्रतिशत हो ।<br>***स्मरण : प्रारम्भिक सहकारी संस्थामा शेयर लगानी एवं तरलता व्यवस्थापन गरिएको भएमा यस सूचकमा न्यूनतम अंक मात्र प्रदान गरिनेछ ।*** | कुल सम्पत्तिको अनुपातमा ५ प्रतिशतभन्दा बढी | उच्च | ३ |
| | | कुल सम्पत्तिके अनुपातमा ५ प्रतिशतसम्म | मध्यम | २ |
| | | कुल सम्पत्तिको शून्य प्रतिशत | सामान्य | १ |

## ९. E5 - कुल सम्पत्तिको अनुपातमा बचत : (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• संस्थाको बचत नीति विकास, कार्यान्वयन र अद्यावधिक<br>• बचत उत्पादनका क्याटलक<br>• बचत वृद्धिको रणनीतिक योजना तथा लक्ष्यहरू | • बचत भार निर्धारण गरी नियमित बचत कम्तीमा ३० प्रतिशत, आवधिक बचत बढीमा २० प्रतिशत, धन सिर्जना गर्ने बचत कम्तीमा १५ प्रतिशत र बाँकी अन्य बचतले हिस्सा ओगटेको छ छैन एकिन गर्नुपर्दछ ।<br>• कम्तीमा ९० प्रतिशत सदस्यहरूले नियमित बचत गरे नगरेको सुनिश्चित गर्नुपर्दछ ।<br>• लामो अवधिको धन सिर्जना गर्ने बचत (जस्तैः पेन्शन बचत) योजनाहरूमा पनि ब्याजदर संशोधन योग्य भएको हुनुपर्दछ ।<br>• कम्तीमा त्रैमासिक रूपमा ब्याज पुँजीकरण वा प्रदान गर्ने प्रणालीको विकास भए नभएको निश्चित गर्नुपर्दछ । ब्याज गणना गर्दा दैनिक मौजदातको आधारमा गरिए नगरिएको सुनिश्चित गरिनुपर्दछ ।<br>• तीन वर्षभन्दा लामो अवधिको आवधिक बचत नभएको एकिन गर्नुपर्दछ ।<br>• बचतको सेवा विकास गर्दा लक्षित सदस्यको किटान भए नभएको एकिन गर्नुपर्दछ ।<br>• लक्षित सदस्यको कम्तीमा एक तिहाई सदस्यले बचत सेवा उपयोग गरेको एकिन गर्नुपर्दछ ।<br>• प्राकृतिक व्यक्ति तथा सहकारी ऐन २०७४ को दफा ३० बमोजिमका सदस्यहरूको बचत मात्र स्वीकार गर्नुपर्ने ।<br>• प्राथमिक पुंजीकोषको १५ गुणाभन्दा बढी बचत संकलन नगरेको सुनिश्चित गर्नुपर्दछ ।<br>• बचत फिर्तामा बन्देज नभएको । नियमित बचत कम्तीमा ५ बर्षसम्म फिर्ता हुने नगरेको सुनिश्चित गर्नुपर्दछ ।<br>• ऐच्छिक खातामा भुक्तानी पुर्जा भएको ।<br>• बचत खाता भिडान र पुन परीक्षण कम्तीमा महिनामा एक पटक अनिवार्य गरिएको।<br>• कमिसनमा बचत संकलन नगरिएको सुनिश्चित गर्नुपर्दछ ।<br>• कुल बचतलाई कुल सम्पत्तिले भाग गरी प्रतिशत निकाल्नु पर्दछ ।<br>• धन सिर्जना गर्ने बचत भन्नाले उद्देश्यमा आधारित बचत शीर्षकहरू जसमा बचत सुरू गरेको कम्तिमा १ वर्षभन्दा अगावै विशेष अवस्थाबाहेक नभिक्ने गरी समय तोकेर वा नतोकि क्रमिक रूपमा गर्दै लगेको बचतलाई सम्फनुपर्दछ । भिक्ने विशेष अवस्था भन्नाले बचत कर्ता वा निजको परिवार बिरामी भएको वा कुनै विपद्मा परेको अवस्थालाई बुभिन्छ ।<br>• लामो समयसम्म स्थिर ब्याजदर रहने गरी बचतका योजनाहरू सञ्चालनमा नरहेको सुनिश्चित गनुपर्दछ ।<br>***स्मरण : सदस्यको दैनिक औषत आम्दानीको १ दिनको रकम मासिक बचत गर्ने अभ्यास रहेको हुनुपर्दछ । दुई तिहाई सदस्यले मासिक रूपमा अनिवार्य बचत नगरेको पाईएमा उक्त संस्था ब्राण्ड प्राप्तिको निमित्त अयोग्य ठहरिनेछ ।*** | कुल सम्पत्तिको अनुपातमा सदस्यहरूको बचत ८० प्रतिशतभन्दा बढी वा ७० प्रतिशतभन्दा कम भएको, कुल बचतमा नियमित बचतको अंश २० प्रतिशतभन्दा कम रहेको, आवधिक बचत ३० प्रतिशतभन्दा माथि रहेको, धन सिर्जना गर्ने बचत २ भन्दा कम रहेको | उच्च | ३ |
| | | कुल सम्पत्तिको अनुपातमा सदस्यहरूको बचत ७५ देखि ८० प्रतिशत भएको, कुल बचतमा नियमित बचतको अंश २० देखि ३० प्रतिशत रहेको, आवधिक बचत २० देखि ३० प्रतिशत रहेको, धन सिर्जना गर्ने बचत ३ वटा रहेको | मध्यम | २ |
| | | कुल सम्पत्तिको अनुपातमा सदस्यहरूको बचत ७० देखि ७५ प्रतिशत भएको, कुल बचतमा नियमित बचतको अंश ३० प्रतिशतभन्दा माथि रहेको, आवधिक बचत २० प्रतिशतभन्दा कम रहेको, धन सिर्जना गर्ने बचत ५ भन्दा बढी रहेको र कम्तिमा ५ वटा कामयावी तथा ती मध्ये ३ वटा धन सिर्जना गर्ने बचतका सेवाहरू भएको | सामान्य | १ |

## १०. E6 - कुल सम्पत्तिको अनुपातमा बाह्य ऋण : (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• बाह्य ऋणनीति विकास, कार्यान्वयन र अद्यावधिक<br>• संस्थाको विनियम | • संस्थामा वाह्य ऋणनीति विकास, कार्यान्वयन र अद्यावधिक भएको सुनिश्चित गर्नुपर्दछ ।<br>• सदस्यको बचतमा तिरेको ब्याजभन्दा बाह्य ऋणमा तिरेको ब्याज कम लागतको भएको सुनिश्चित गर्नुपर्दछ ।<br>• पर्ल्स विश्लेषण अनुसार तरलता व्यवस्थापनका लागि मात्र बाह्य ऋण लिने व्यवस्था भएको एकिन गर्नुपर्दछ ।<br>• तरलता व्यवस्थापन भई बाँकी रहेको बाह्य ऋण अनिवार्य रूपमा सदस्यहरूमा लगानी भएको निश्चित गर्नुपर्दछ ।<br>• साकोसको विनियममा वाह्य ऋण लिन सक्ने प्रावधान भएको हुनुपर्दछ ।<br>• संस्थाले चाहेको समयमा फिर्ता गर्न पाउने शर्त भएको ऋण मात्र स्वीकार गर्नुपर्दछ ।<br>• प्रारम्भिक सहकारी संस्थाले-प्रारम्भिक सहकारीसँग ऋण कारोबार नगरेको सुनिश्चित गर्नुपर्दछ ।<br>• अनुबन्धित ऋण (अवधिभन्दा अगाडि तिरेमा थप शुल्क लाग्ने) नलिएको सुनिश्चित गर्नुपर्दछ ।<br>(स्मरण गर्नुपर्ने कुरा : कुनै पनि साकोसमा १० प्रतिशतभन्दा बढी बाह्य ऋण भएमा उक्त संस्था जोखिम युक्त हो । अन्य सूचकबाट ५० भन्दा कम अंक आए पनि गणना ५० भन्दा बढी नै गरिनेछ ) | वाह्य ऋणनीति नभएको र वाह्य ऋण १० प्रतिशतभन्दा बढी भएको | उच्च | ३ |
| | | अद्यावधिक वाह्य ऋणनीति नभएको र वाह्य ऋण ५ देखि १० प्रतिशत भएको | मध्यम | २ |
| | | अद्यावधिक वाह्य ऋणनीति भएको तथा वाह्य ऋण ५ प्रतिशतभन्दा कम भएको | सामान्य | १ |

## ११. E7 - कुल सम्पत्तिको अनुपातमा शेयर : (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• शेयर दर्ता किताब<br>• निर्वाचन नीति<br>• संस्थाको विनियम<br>• वार्षिक योजना<br>• शेयर खाताको विवरण<br>• शेयर प्रमाणपत्रको अर्धकट्टी<br>• शेयर नीति विकास, कार्यान्वयन र अद्यावधिक | • साकोसमा कुनै एकै व्यक्तिको कुल शेयर पुँजीको बीस प्रतिशतभन्दा बढी शेयर रकम नभएको एकिन गर्नुपर्दछ ।<br>• सबै शेयरको प्रमाणपत्र जारी गरेका एकिन गर्नुपर्दछ ।<br>• शेयर रकम प्रतिकित्ता मूल्य रू. १०० हुनुपर्दछ ।<br>• शेयर सधैं खुल्ला भएको सुनिश्चित गर्नुपर्दछ ।<br>• कम्तीमा कुल सम्पत्तिको अनुपातमा १० देखि २० प्रतिशत हुने गरी नियमित शेयर वृद्धिको कार्यक्रम भए नभएको परीक्षण गर्नुपर्दछ ।<br>• औषत चुक्ता शेयर अंकको बराबर शेयर लगानी गर्ने सदस्यहरू कम्तीमा ३० प्रतिशत भए नभएको ।<br>• शेयर रकमको अंकित मूल्यभन्दा थप रकम लिने व्यवस्थाको नीतिगत र व्यावहारिक अभ्यास नभएको सुनिश्चित गर्नुपर्ने ।<br>• ऋण असुलीमा सामान्य अवस्थामा शेयरबाट नगरेको सुनिश्चित गर्ने ।<br>• ऋण सेवा प्रयोग गर्दा कम्तीमा संस्थाले तोकेको स्तरमा शेयर सहभागिता भए नभएको सुनिश्चित गर्ने । जस्तै ऋण प्रवाह भएको रकमको ०.५ प्रतिशत ।<br>• निर्वाचन नीतिमा संस्थागत(कानूनी व्यक्ति) सदस्यले निर्वाचित हुन तथा मतदान गर्न नपाउने व्यवस्था भएको सुनिश्चित गर्नुपर्दछ । | कुल सम्पत्तिको अनुपातमा सदस्यहरूको शेयर ५ प्रतिशत भन्दा कम वा ३० प्रतिशतभन्दा बढी भएको । एक व्यक्तिको २० प्रतिशतभन्दा बढी शेयर रकम भएको । औषत शेयरभन्दा बढी हुने सदस्य ३० प्रतिशतभन्दा कम भएको । ३० प्रतिशतभन्दा कम सदस्यमा औषत शेयर पुँजीभन्दा माथि शेयर रहेको । | उच्च | ३ |
| | | कुल सम्पत्तिको अनुपातमा सदस्यहरूको शेयर ५ देखि १० वा २० देखि ३० प्रतिशत भएको, साकोसमा एक व्यक्तिको २० प्रतिशतभन्दा बढी शेयर रकम नभएको ३० देखि ४० प्रतिशत सदस्यको औषत शेयर पुँजीभन्दा माथि शेयर रहेको । | मध्यम | २ |
| | | कुल सम्पत्तिको अनुपातमा सदस्यहरूको शेयर १० देखि २० प्रतिशत भएको, साकोसमा एक व्यक्तिको २० प्रतिशतभन्दा बढी शेयर रकम नभएको र कम्तिमा कुल सम्पत्तिको अनुपातमा १० देखि २० प्रतिशत हुने गरी नियमित शेयर वृद्धिको कार्यक्रम भएको । ४० प्रतिशतभन्दा बढी सदस्यको औषत शेयर पुँजीभन्दा माथि शेयर रहेको । | सामान्य | १ |

## १२. E9 - कुल सम्पत्तिको अनुपातमा शुद्धसंस्थागत पुँजी : (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• कोष व्यवस्थापन नीति विकास, कार्यान्वयन र अद्यावधिक | • विनियममा उल्लेखित व्यवस्था अनुरूप कोषको व्यवस्था रहेको र कोष ब्यवस्थापन कार्यविधिमा उल्लेखित व्यवस्था अनुरूप कोष परिचालन भएको सुनिश्चित गर्नुपर्दछ ।<br>• कुल संस्थागत पुँजीअर्न्तगत संस्थाको वासलातमा रहेको सामान्य जगेडा कोष, घाटा पूर्ति कोष,<br>• रकम जोडेर गणना गर्नुपर्दछ । यस व्यवस्था संस्थाको कोष व्यवस्थापन नीतिमा भएको हुनुपर्दछ ।<br>• भाखा नाघेको ऋणको लागि १०० प्रतिशत, ३५ प्रतिशत र अतिरिक्त ऋण सुरक्षण कोष १ प्रतिशत पूर्ण व्यवस्था भए नभएको निश्चित गर्नुपर्दछ, साथै व्यवस्था नपुग भएको भए घटाएर मात्र गणना गर्नुपर्दछ । साथै शुद्ध संस्थागत पुँजी गणना गर्दा सञ्चित नोक्सानी र चालु आ. ब. को नोक्सानी रकम समेत घटाएर गणना गरेको सुनिश्चित गर्नुपर्दछ ।<br>• वार्षिक रूपमा शुद्धसंस्थागत पुँजी वृद्धिको योजना भएको निश्चित गर्नुपर्दछ ।<br>• कुल संस्थागत पुँजी र शुद्ध संस्थागत पुँजी बराबर भएको निश्चित गर्नुपर्दछ ।<br>• संस्थाको कोष व्यवस्थापनको लागि नीतिको विकास, कार्यान्वयन र अद्यावधिक भएको सुनिश्चित गर्नुपर्दछ ।<br>• संस्थाको स्थिर सम्पत्ति विक्रिबाट प्राप्त रकम जुन अंकित मुल्यभन्दा माथि हुन्छ सो जगेडाकोषमा जम्मा गरेको कुरा सुनिश्चित गर्नुपर्दछ ।<br>• समस्या ग्रस्त सम्पत्तिको परीक्षण गरिएको सुनिश्चित गरी कुल संस्थागत पुँजीबाट घटाउनु पर्ने छ ।<br>• विनियमको व्यवस्थाअनुरूप कोष बाँडफाँड नरहेको, कोष व्यवस्थापन कार्यविधि नरहेको, कोष व्यवस्थापन कार्यविधिको व्यवस्था अनुरूप कोष परिचालन नभएको खण्डमा यस सूचकबाट प्राप्त अंकमा ०.५ अंक घटाउनु पर्दछ ।<br>***(स्मरण गर्नुपर्ने कुरा : कुनै साकोसमा शुद्ध संस्थागत पुँजीको अनुपात ५ प्रतिशतभन्दा कम भएमा प्राप्ताङ्क ५० भन्दा कम भए पनि कुल प्राप्ताङ्क ५० भन्दा बढी नै भएको मानिने छ ।*** | साकोसमा कुल सम्पत्तिको अनुपातमा शुद्ध संस्थागत पुँजी ५ प्रतिशतभन्दा कम | उच्च | ३ |
| | | साकोसमा कुल सम्पत्तिको अनुपातमा शुद्ध संस्थागत पुँजी ५ देखि १० प्रतिशत | मध्यम | २ |
| | | साकोसमा कुल सम्पत्तिको अनुपातमा शुद्ध संस्थागत पुँजी १० प्रतिशतभन्दा बढी | सामान्य | १ |

# सम्पतिको गुणस्तर: (Assets Quality)

## १३. A1 - कुल ऋणको अनुपातमा भाखा नाघेको ऋण : (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• यसै मार्गदर्शनको अनुसूची १ बमोजिमको प्रमाणित ऋण वर्गीकरण (Loan aging report) प्रतिवेदन,<br>• संस्थाको विधुतीय अभिलेख<br>• ऋणका फाइलहरू<br>• ऋणनीति विकास, कार्यान्वयन र अद्यावधिक<br>• भाखा नाघेको ऋण असुली नीतिको विकास, कार्यान्वयन र अद्यावधिक<br>• धितो मूल्यांकन नीतिको विकास, कार्यान्वयन र अद्यावधिक<br>• पत्र ताकेता रजिष्टर तथा फोन ताकेता रजिष्टर | **यो सूचक अनिवार्य सूचक हो । पर्ल्स अनुपातमा भाखा नाघेको ऋण ५ प्रतिशतभन्दा बढी कायम भएमा अन्तिम परीक्षण हुने छैन ।**<br>• ऋण वर्गीकरण (Loan aging report) प्रतिवेदनको शुद्धता कायम गरी तयार गरी पेस गर्नु साकोसको दायित्व हो तर सो प्रतिवेदनको निश्पक्षढंगबाट अध्ययन गरी परीक्षण गर्नुपर्दछ ।<br>• ऋण लगानी सम्झौता अनुसार भुक्तानी गर्नुपर्ने ब्याज/किस्ता भुक्तानी नभएको १ दिनदेखि नै भाखा नाघेको ऋणमा गणना गर्नुपर्दछ ।<br>• वासलातमा देखिएको लगानीमा रहेको ऋणको अंक र ऋण वर्गीकरण (Loan aging report) प्रतिवेदनमा देखिएको अंक बराबर हुनुपर्दछ ।<br>• ऋणीलाई किस्ता आउनु अगावै एस.एम.एस वा टेलिफोनबाट जानकारी दिने गरेको कुराको निश्चित गर्नुपर्दछ ।<br>• भाखा नाघेको ऋण असुली र खर्च व्यवस्थाका लागि नीतिगत व्यवस्था भए नभएको एकिन गर्नुपर्दछ ।<br>• ऋण नवीकरण नगरिएको निश्चित गर्नुपर्दछ । ऋण नवीकरण भएको देखिएमा उक्त ऋणको नियमानुसारको सुरक्षण कोषको व्यवस्था भएको हुनुपर्दछ । उक्त रकम घटाउँदा शुद्धसंस्थागत पुँजी कमी हुन आएमा वा ऋण सुरक्षण कोषमा रकम नपुग भएमा अन्तिम परीक्षण गर्नु हुँदैन ।<br>• ऋण लगानी प्रक्रिया प्रभावकारी भए नभएको परीक्षण गर्नुपर्दछ ।<br>• ऋणमा पैदा हुने जोखिमको पूर्व विश्लेषण गर्ने गरिएको निश्चित गर्नुपर्दछ ।<br>• ऋण लगानी गर्दा क्षमतामा आधारित ऋण लगानी भए नभएको सुनिश्चित गर्नुपर्दछ ।<br>(स्मरण गर्नुपर्ने कुरा : कुनै साकोसमा भाखा नाघेको ऋणको अनुपात ५ प्रतिशतभन्दा बढी भएमा प्राप्ताङ्क ५० भन्दा कम भए पनि कुल प्राप्ताङ्क ५० भन्दा बढी नै भएको मानिने छ ।) | सबै ऋणहरूको अनुसूची १ बमोजिमको मासिक प्रतिवेदन नभएको तथा साकोसमा कुल ऋणको अनुपातमा कुल भाखा नाघेको ऋण १० प्रतिशत भन्दा बढी रहेको | उच्च | ३ |
| | | सबै ऋणहरूको अनुसूची १ बमोजिमको मासिक प्रतिवेदन नभएको तथा साकोसमा कुल ऋणको अनुपातमा कुल भाखा नाघेको ऋण विगत ६ महिना देखि ५ देखि १० प्रतिशत रहेको | मध्यम | २ |
| | | सबै ऋणहरूको अनुसूची १ बमोजिमको मासिक प्रतिवेदन भएको तथा साकोसमा कुल ऋणको अनुपातमा कुल भाखा नाघेको ऋण विगत ६ महिना देखि ५ प्रतिशतभन्दा कम रहेको । | सामान्य | १ |

## १४. A2 - कुल सम्पत्तिको अनुपातमा नकमाउने सम्पत्तिको प्रतिशत (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• स्थिर सम्पत्ति आर्जन तथा व्यवस्थापन नीति<br>• राफसाफ नीति<br>• स्थिर सम्पत्तिको अभिलेखहरू | • स्थिर सम्पत्ति आर्जन तथा व्यवस्थापन नीति र राफसाफ नीतिको विकास, कार्यान्वयन र अद्यावधिकको अवस्थाको एकिन गर्नुपर्दछ ।<br>• शुद्ध संस्थागत पुँजीको बढीमा ५० प्रतिशतभन्दा बढी स्थिर सम्पत्तिमा लगानी नभएको सुनिश्चित गर्नुपर्दछ ।<br>• पेश्की दुरूपयोग नभएको सुनिश्चित गर्नुपर्दछ । संस्थागत कामको लागि बाहेक मात्र पेश्की नलिएको एकिन गर्नुपर्दछ । काम सकिएको १५ दिनमा पेश्की फछ्र्यौट भएको सुनिश्चित गर्नुपर्दछ ।<br>• सबै स्थिर सम्पत्तिहरूको उचित अभिलेखीकरण र व्यवस्थापन गरे नगरेको निश्चित गर्नुपर्दछ । एकमुष्ठ रूपमा ह्रासकट्टी गरेको हुनु हुदैन । सबै स्थिर सम्पत्तिमा कोडिङ्ग गर्नुपर्दछ ।<br>• नकमाउने सम्पत्तिमा पाउन बाँकी ब्याज जोडे नजोडेको हेर्नुपर्दछ ।<br>• कर तिर्नु पर्ने स्थिर सम्पत्तिको नियमानुसार कर तिरे नतिरेको एकिन गर्नुपर्दछ ।<br>• समस्याग्रस्त सम्पत्तिको अपलेखन गर्ने नीतिगत व्यवस्था भए नभएको एकिन गर्नुपर्दछ ।<br>• नियमानुसार ह्रासकट्टी गरे नगरेको हेर्नु पर्दछ ।<br>• सम्पत्ति सामान संस्थाको हितको लागि प्रयोग भए नभएको सुनिश्चित गर्नुपर्दछ।<br>• रू १००० भन्दा कम मुल्य वा एक वर्षभन्दा कम आयु भएका र उपयोगिता नभएका सामानहरू अनिवार्य राफसाफ गरे नगरेको ।<br>• सम्पत्ति सामानको बीमा गरिएको नगरिएको सुनिश्चित गर्नुपर्दछ ।<br>• स्थिर सम्पत्तिको वार्षिक स्थलगत रूपमा सदुपयोगिता परीक्षण भए नभएको सुनिश्चित गरिनुपर्दछ ।<br>***(नकमाउने सम्पत्ति भन्नाले : स्थिर सम्पत्ति, अन्य सम्पत्ति, प्रतिफल प्राप्त नभएको तरल र वित्तीय लगानी, तरल सम्पत्ति, पाउनुपर्ने रकम, पाउनुपर्ने पाकेको ब्याज, गैह्र बैकिङ्ग सम्पत्ति, धरौटी रकमको जोडलाई बुझ्नुपर्दछ ।)*** | साकोसमा स्थिर सम्पत्ति आर्जनसम्बन्धी नीतिगत व्यवस्था नभएको र कुल सम्पत्तिको अनुपातमा आयआर्जन नगर्ने सम्पत्ति ५ प्रतिशतभन्दा बढी र २ प्रतिशतभन्दा कम रहेको | उच्च | ३ |
| | | साकोसमा स्थिर सम्पत्ति आर्जनसम्बन्धी नीतिगत व्यवस्था भएको र कुल सम्पत्तिको अनुपातमा आयआर्जन नगर्ने सम्पत्ति ४ देखि ५ प्रतिशत वा २ देखि ३ प्रतिशतभएको | मध्यम | २ |
| | | साकोसमा स्थिर सम्पत्ति आर्जनसम्बन्धी नीतिगत व्यवस्था भएको र कुल सम्पत्तिको अनुपातमा आयआर्जन नगर्ने सम्पत्ति ३ देखि ४ प्रतिशत भएको, नकमाउने सम्पत्तिको करको व्यवस्था समयमा नै भएको र कामयवि अवस्थामा रहेको | न्यून | १ |

## १५. A3 - कुल आयआर्जन नगर्ने सम्पत्तिको अनुपातमा शुद्ध लागत रहित कोषको अवस्था : (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• कोष हिसाब | • लागत रहित कोषहरूको परीक्षण गरी शुद्ध रहेको सुनिश्चित गरिनुपर्दछ ।<br>• १ बर्षभन्दा बढी समय स्विकार गरिएको गैह्र बैकिङ्ग सम्पत्ति नरहेको सुनिश्चित गर्नुपर्दछ ।<br>• कुल लागत रहित कोषहरूको अंकलाई नकमाउने सम्पत्तिले भाग गरी प्रतिशतमा गणना गरिनुपर्दछ ।<br>• यस सूचकको गणना गर्दा संस्थागत कोष (जगेडा कोष, घाटापूर्ति कोष)लाई मात्र लागत रहित कोषको रूपमा गणना गरिनेछ ।<br>***नोट : शुद्ध लागत रहित कोष २०० प्रतिशतभन्दा बढी भएतापनि सदस्यलाई दिन सकिने सेवा सुविधालाई ध्यान नदिएको र आवश्यक भौतिक व्यवस्थापन नभएको पाइएमा २ अंक प्रदान गर्नुपर्दछ ।***<br>***यो सूचक अनिवार्य सूचक हो । यदि यसमा १५० प्रतिशतभन्दा कम भएमा कुलमा ५० भन्दा बढी अंक आएको मानिने छ ।*** | १५० प्रतिशतभन्दा कम | उच्च | ३ |
| | | १५० देखि २०० प्रतिशत | मध्यम | २ |
| | | २०० प्रतिशतभन्दा बढि | सामान्य | १ |

# प्रतिफल दर र लागत : (Rate of return and cost)

| १६. R1 - औषत कुल शुद्ध ऋण लगानीको अनुपातमा ऋण लगानीबाट प्राप्त आम्दानी अवस्था : | | | | (३) |
|---|---|---|---|---|
| **परीक्षणका साधनहरु** | **परीक्षकले ध्यान दिनु पर्ने कुराहरु** | **जोखिमको अवस्था** | | |
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• ऋणबाट प्राप्त ब्याजको विवरण<br>• संस्थाको विधुतीय अभिलेख<br>• ऋणनीति | • साकोसको ऋणनीतिमा कायम गरिएको ऋणहरूको औषत ब्याजदर गणना गरिनुपर्दछ ।<br>• साकोसले बर्ष भरिमा प्राप्त गरेको व्यजको आधारमा कुल शुद्ध ऋणअनुसार कायम भएको औषत ब्याजदर गणना गर्नुपर्दछ।<br>• बजार दर (आन्तरिक रूपमा बचतमा दिएको ब्याज, प्रतिस्पर्धीहरूको ब्याजदर तथा ने.रा.बै. ले लामो समयको बचतमा दिएको ब्याज) अध्ययन गरिनुपर्दछ ।<br>• यस प्रयोजनको लागि हर्जना र व्यवस्थापन शुल्क घटाएर मात्र कुल ब्याज आम्दानीको गणना गरिनुपर्दछ ।<br>• सामान्यतया २ प्रतिशत ऋणको ब्याज आम्दानी गणनालाई परीक्षण गरिनुपर्दछ ।<br>• DOSARI मा लगानी भएको ऋणमा विभेदपूर्ण ढंगबाट लगानी नभएको सुनिश्चितता गरिनुपर्दछ ।<br>• बजेटमा व्यवस्था भएको भन्दा बढी रकम ब्याज छुट नभएको सुनिश्चित गर्नुपर्दछ र ब्याज छुट प्रदान गर्दा सदस्यहरूमा विभेद नभएको सुनिश्चित गर्नुपर्दछ । | नीतिमा तोकिएभन्दा २ प्रतिशत भन्दा बढी फरक र बजार दरको अध्ययन नगरिएको | उच्च | ३ |
| | | नीतिमा तोकिए भन्दा एक प्रतिशत कम वा बढी र बजार दरको अध्यायन नगरिएको । | मध्यम | २ |
| | | ऋणनीतिमा तोकिएको ब्याजदर अनुसार, बजार भन्दा बढिमा एक प्रतिशतसम्म कम वा बराबरी | सामान्य | १ |

| १७. R2 & R3 - औषत तरल लगानीको अनुपातमा प्राप्त आम्दानी R2 र वित्तीय लगानीमा प्राप्त आम्दानी R3 : | | | | (३) |
|---|---|---|---|---|
| **परीक्षणका साधनहरु** | **परीक्षकले ध्यान दिनु पर्ने कुराहरु** | **जोखिमको अवस्था** | | |
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• संस्थाको विनियम<br>• सम्झौतहरू | • तरल लगानीबाट प्राप्त ब्याज सम्झौताअनुसार प्राप्ति भएको सुनिश्चित गर्नुपर्दछ ।<br>• वित्तीय लगानीबाट प्राप्त प्रतिफल सम्झौताअनुसार र प्रतिस्पर्धी रूपमा प्राप्ति भएको सुनिश्चित गर्नुपर्दछ ।<br>• तरल लगानी र वित्तीय लगानीबाट प्राप्त आम्दानी छुट्याई फरक फरक आम्दानी शीर्षकमा लेखा राखिएको सुनिश्चित गर्नुपर्दछ । | सम्झौताअनुसार नभएको र प्रतिस्पर्धी आम्दानी तथा प्रतिफल प्राप्त नभएको | उच्च | ३ |
| | | सम्झौताअनुसार र प्रतिस्पर्धी रूपमा बजारदर अनुसार आम्दानी तथा प्रतिफल प्राप्त भएको | मध्यम | २ |
| | | सम्झौताअनुसार र प्रतिस्पर्धी रूपमा बजार दरभन्दा बढी आम्दानी तथा प्रति( फल प्राप्त भएको | सामान्य | १ |

| १८. R5-औषत बचतको अनुपातमा बचतमा तिरेको ब्याज खर्च र R6-औषत बाह्य ऋणको अनुपातमा बाह्य ऋणमा तिरेको ब्याज खर्चको अवस्था: | | | | (३) |
|---|---|---|---|---|
| **परीक्षणका साधनहरु** | **परीक्षकले ध्यान दिनु पर्ने कुराहरु** | **जोखिमको अवस्था** | | |
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• बचतलाई तिरेको ब्याजको विवरण<br>• संस्थाको विधुतीय अभिलेख<br>• बचत | • साकोसको बचत नीतिमा कायम गरिएको बचतहरूको औषत ब्याजदर गणना गरिनुपर्दछ ।<br>• साकोसले बर्ष भरिमा खर्च लेखेको ब्याजको आधारमा कुल बचतअनुसार कायम भएको औषत ब्याजदर गणना गर्नुपर्दछ।<br>• बजार दर (आन्तरिक रूपमा बचतमा दिएको ब्याज, प्रतिस्पर्धीहरूको ब्याजदर तथा ने.रा.बै ले लामो समयको बचतमा दिएको ब्याज) अध्ययन गरिनुपर्दछ । | नीतिमा तोकिएभन्दा २ प्रतिशत भन्दा बढी फरक र बजार दरको अध्ययन नगरिएको | उच्च | ३ |
| | | नीतिमा तोकिएभन्दा एक प्रतिशत कम वा बढी र बजार दरको अध्ययन नगरिएको | मध्यम | २ |

| | | | | |
|---|---|---|---|---|
| | • यस प्रयोजनको लागि प्रवर्द्धन खर्च घटाएर मात्र कुल ब्याज खर्चको गणना गरिनुपर्दछ ।<br>• सामान्यतया १ प्रतिशत बचत खाताको ब्याज खर्च गणना परीक्षण गरिनुपर्दछ ।<br>• DOSARI बाट बचत गरिएको रकममा विभेदपूर्ण नरहेको सुनिश्चितता गरिनुपर्दछ ।<br>• सफ्टवेयरले सम्पूर्ण बचत खाताको दैनिक रूपमा ब्याज खर्च लेखांकन गरी भुक्तानी दिनुपर्ने हिसाबमा राखी कम्तीमा बचत खातामा त्रैमासिक रूपमा भुक्तानी भएको सुनिश्चितता गर्नुपर्दछ ।<br>• कार्यालय प्रमुखको यथोचित कारण सहितको लिखित निर्देशनबाहेक ब्याज खर्च म्यानुअल भौचरमार्फत नजनाईएको सुनिश्चित गर्नुपर्दछ ।<br>• एक आ.व.मा राखिएको बचतमा उक्त आ.व.भित्र ब्याज खर्च लेखिएको सुनिश्चितता गरिनुपर्दछ ।<br>• संस्थामा वाह्य ऋणको ब्याज बजारदर अनुसार भुक्तानी गरेको सुनिश्चित गर्नुपर्दछ ।<br>• सदस्यको बचतलाई तिरेको औषत भारित ब्याजदरभन्दा बाह्य ऋणमा भुक्तानी गर्ने ब्याजदर बराबर वा कम भएको सुनिश्चितता गर्नुपर्दछ ।<br>• वाह्य ऋणमा हर्जना र पूर्व भुक्तानी शुल्क नतिरेको सुनिश्चित गर्नुपर्दछ । | बचत नीतिमा तोकिएको ब्याजदर अनुसार, बजार भन्दा बढिमा एक प्रतिशतसम्म बढी वा वराबरी | सामान्य | १ |

| **१९. R7 - औषत शेयरमा शेयर लाभांश** | | | | **(३)** |
|---|---|---|---|---|
| **परीक्षणका साधनहरु** | **परीक्षकले ध्यान दिनु पर्ने कुराहरु** | **जोखिमको अवस्था** | | |
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• लेखापरीक्षण प्रतिवेदन<br>• सदस्यता नीति विकास, कार्यान्वयन र अद्यावधिक<br>• लाभांश वितरणको अभिलेख वा विधुतीय अभिलेख | • न्यूनतम शेयर खरिद गर्ने सदस्यले पनि शेयरमा निर्धारित लाभांश प्राप्त गरेको सुनिश्चित गर्नुपर्दछ ।<br>• शेयर खरिद गरेको दिनदेखि नै लाभांश प्राप्त गरेको सुनिश्चित गर्नुपर्दछ ।<br>• लाभांश वितरण गर्दा नियमानुसार कर कट्टी गरेको निश्चित गर्नुपर्दछ ।<br>• शेयर लाभांशमा विभेद नगरेको सुनिश्चित गर्नुपर्दछ ।<br>• लाभांश कोषमा जतिसुकै रकम गएको भएतापनि शेयरको १८ प्रतिशत भन्दा बढी लाभांश वितरण नगरको सुनिश्चित गर्नुपर्दछ ।<br>• शेयर लाभांश कोषबाट मात्र लाभांश वितरण भएको सुनिश्चित गर्नुपर्दछ । शेयर वोनसमा संरक्षित पुँजी फिर्ता कोष जोडेर शेयर बोनसमा बाँडफाँड नगरेको सुनिश्चितता गर्नुपर्दछ । गरेमा उच्च जोखिम स्तरमा राखिनेछ ।<br>• शेयर लाभांश कोषको प्रतिशत आवश्यकताअनुसार विनियम संशोधन गरे नगरेको । | साकोसले औषत शेयरको १८ प्रतिशतभन्दा बढी तर आन्तरिक बचतमा तिरेको अधिकतम ब्याज भन्दा कम हुने गरी लाभांश कोषबाट वा अन्य गैह्र कानूनी तरिकाबाट वितरण गरेको । | उच्च | ३ |
| | | साकोसले औषत शेयरको १८ प्रतिशत भन्दा कम तर आन्तरिक बचतमा तिरेको अधिकतम ब्याज बराबर हुने गरी लाभांश कोषबाट असोज मसान्तभित्र वितरण गरेको । | मध्यम | २ |
| | | साकोसले औषत शेयरको१८ प्रतिशतभन्दा कम तर आन्तरिक बचतमा तिरेको अधिकतम ब्याज भन्दा बढी हुने गरी लाभांश कोषबाट असोज मसान्तभित्र वितरण गरेको । | सामान्य | १ |

## २०. R9 - औषत कुल सम्पत्तिको अनुपातमा सञ्चालन खर्च (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• तलब तथा भत्ताको सिटरोल<br>• संस्थाको आर्थिक प्रशासनिक नीति विकास, कार्यान्वयन र अद्यावधिक | • संस्थाको वित्तीय खर्च बाहेकको अन्य सबै खर्च संचालन खर्चमा परे नपरेको एकिन गर्नुपर्दछ ।<br>• लेखापरीक्षण खर्च तथा ह्रासकट्टी खर्च अनिवार्य रूपमा संचालन खर्चमा परेको हुनुपर्दछ<br>• कुनै पनि सञ्चालक समितिका पदाधिकारी वा सदस्यले स्पष्ट रूपमा देखिने लागत बाहेकको कुनै पनि स्वरूपको नियमित खर्च भुक्तानी नलिएको सुनिश्चित गर्नुपर्दछ ।<br>• मानव संशाधन व्यवस्थापन कार्यविधि श्रम ऐन, २०७४ को व्यवस्था अनुरुप भएको सुनिश्चित गर्नुपर्दछ । कुल संचालन खर्चमा कम्तिमा ४० प्रतिशत खर्च कर्मचारी खर्च भएको एकिन गर्नुपर्दछ ।<br>• संचालन खर्च योजना तथा बजेटमा आधारित भएको नभएको परीक्षण गरिनुपर्दछ ।<br>• ऋणमा दिएको रिवेटलाई संचालन खर्चमा समावेश गरेको सुनिश्चित गर्नुपर्दछ ।<br>• पद, श्रेणी र तहगत रूपमा कर्मचारीहरूको तलब मान मिलान गरेको हुनुपर्दछ ।<br>• खर्च दाबी गर्न नमिल्ने खर्च भए नभएको सुनिश्चित गरिनुपर्दछ ।<br>• साना नगदी कोष बाहेकका रकमको भुक्तानी गर्दा बैंक चेकबाट मात्र भुक्तानी गर्नुपर्ने छ । बैंक चेकमार्फत रकम भुक्तानी गर्न नसकिने अवस्थामा अर्थात् रकम प्राप्त गर्नेको बैंक खाता नरहेमा सम्बन्धित प्रापकको बैंक खाता नरहेको पत्र रहे नरहेको सुनिश्चित गर्नुपर्दछ ।<br>• संस्थामा तल्लो तहमा कार्यरत कर्मचारी र माथिल्लो तहमा कार्यरत कर्मचारीको मासिक तलबमान १:१० को अनुपातभित्र रहे नरहेको सुनिश्चित गर्नुपर्दछ ।<br>***(स्मरण गर्नुपर्ने कुरा : बाह्य ऋणको ब्याज खर्च वित्तीय खर्चमा लेख्नु पर्दछ । यसलाई संचालन खर्चमा लेख्नु हुँदैन । बाह्य ऋण लिंदा लागेको प्रशासनिक खर्चहरू संचालन खर्चमा समावेश गर्नुपर्दछ । जोखिम कोष खर्च संचालन खर्च होइन)*** | औषत कुल सम्पत्तिको अनुपातमा वार्षिक सञ्चालन खर्च २ भन्दा कम वा ५ प्रतिशतभन्दा बढी कायम भएमा । | उच्च | ३ |
| | | औषत कुल सम्पत्तिको अनुपातमा वार्षिक सञ्चालन खर्च २ देखि ३ वा ४ देखि ५ सम्म । | मध्यम | २ |
| | | औषत कुल सम्पत्तिको अनुपातमा वार्षिक सञ्चालन खर्च ३ देखि ४ प्रतिशतसम्म कायम भएको । | सामान्य | १ |

## २१. R12 -औषत कुल सम्पत्तिको अनुपातमा खुद बचत (मुनाफा) (१)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | नतिजा | | |
|---|---|---|---|---|
| • वित्तीय प्रतिवेदनहरू (वित्तीय स्थिति विवरण पत्र, आय विवरण पत्र र पर्ल्स विश्लेषण)<br>• आर्थिक प्रशासन कार्यविधि<br>• वार्षिक योजना तथा बजेट<br>• ब्याज खर्च सिट | • वार्षिक साधारण सभाबाट स्विकृत योजना तथा बजेटबमोजिम कार्यक्रम र बजेटको सीमाभित्र रही खर्च भए नभएको सुनिश्चित गर्नुपर्दछ ।<br>• अघिल्लो आ.व. को कुल खर्चको एक तिहाई खर्चको सिमाभित्र रहि आ.व. को सुभारम्भमा नै सञ्चालक समितिले पेश्की बजेट ल्याए नल्याएको सुनिश्चित गर्नुपर्दछ । वार्षिक साधारण सभासम्म पेश्की बजेटको सिमाभित्र रही खर्च गरे नगरेको सुनिश्चित गर्नुपर्दछ ।<br>• वार्षिक साधारण समाभा पेश्की बजेट, अघिल्लो दिनसम्मको खर्च विवरण प्रस्तुत गरी पूरक बजेट स्विकृत गरे नगरेको सुनिश्चित गर्नुपर्दछ । | औषत कुल सम्पत्तिको अनुपातमा वार्षिक खुद बचत २ प्रतिशत भन्दा बढी भएको । वार्षिक लक्ष्य र बजेटको पूर्ण कार्यान्वयन भएको । | उच्च | ३ |

| | | | | |
|---|---|---|---|---|
| • वार्षिक साधारण सभाको निर्णय पुस्तिका | • कार्यक्रम गर्दा मितव्ययी एवं प्रभावकारिता वृद्धिउन्मुख रहे नरहेको सुनिश्चित गर्नुपर्दछ । आर्थिक प्रशासन कार्यविधिमा बजेटको रकमान्तरको व्यवस्था रहे नरहेको सुनिश्चित गर्नुपर्दछ ।<br>• कुनै उपशीर्षकमा बजेटको अपर्याप्तता महशुस गरी सञ्चालक समितिको बैठकले नीतिगत व्यवस्थाको आधारमा बजेट रकमान्तर गरे नगरेको सुनिश्चित गर्नुपर्दछ ।<br>• ऋणको औषत भारित ब्याजदर बमोजिमको ब्याज आम्दानी भए नभएको सुनिश्चित गर्नुपर्दछ ।<br>• बचत र बाह्य ऋणको औषत भारित ब्याजदर बमोजिमको ब्याज खर्च भए नभएको सुनिश्चित गर्नुपर्दछ ।<br>• स्थिर सम्पत्तिको किताबी मुल्यको ७ प्रतिशतभन्दा बढी मर्मत सम्भार खर्च भए नभएको सुनिश्चित गर्नुपर्दछ ।<br>• नियमानुसार ह्रासकट्टी खर्च भए नभएको सुनिश्चित गर्नुपर्दछ ।<br>• ऋणको गुणस्तर बमोजिम नियमानुसार ऋण सुरक्षण कोषको व्यवस्था भए नभएको सुनिश्चित गर्नुपर्दछ ।<br>• संस्थाले नियमानुसार आयकर व्यवस्था गरे नगरेको सुनिश्चित गर्नुपर्दछ । आयकर व्यवस्था गर्दा अग्रिम रूपमा आयकर जम्मा गरेको र अग्रिम भुक्तानी कर समायोजन गरे नगरेको सुनिश्चित गर्नुपर्दछ ।<br>***यस सूचकको गणना आयकर व्यवस्था पछिको खुद बचतलाई औषत सम्पत्तिले भाग गरेको हुनुपर्दछ ।*** | औषत कुल सम्पत्तिको अनुपातमा वार्षिक खुद बचत १.५ प्रतिशतभन्दा बढी भएको । वार्षिक लक्ष्य र बजेटको पूर्ण कार्यान्वयन भएको । | मध्यम | २ |
| | | औषत कुल सम्पत्तिको अनुपातमा वार्षिक खुद बचत १ प्रतिशत भन्दा बढी भएको । वार्षिक लक्ष्य र बजेटको पूर्ण कार्यान्वयन भएको । | सामान्य | १ |
| | | औषत कुल सम्पत्तिको अनुपातमा वार्षिक खुद बचत १ प्रतिशतभन्दा कम भएको । वार्षिक लक्ष्य र बजेटको पूर्ण कार्यान्वयन नभएको । | कमजोर | ०.२५ |

## तरलता (Liquidity)

**२२. L1 - कुल सम्पत्ति र कुल बचतको अनुपातमा तरलता (३)**

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• बैंक मौज्दात अभिलेख (विधुतीय अभिलेख समेत)<br>• भल्ट रजिष्टर<br>• बैंक रिकन्सिलेसन विवरण | • केन्द्रीकृत जोखिमलाई ध्यान दिई तरलता व्यवस्थापन गरेको सुनिश्चितता गर्नुपर्दछ ।<br>• बैंक, विषयगत संघमा रहेको तरलताको अवस्थाको अध्ययन गर्नुपर्दछ ।<br>• समान प्रकृतिका सहकारी संस्थाहरूमा बचत नराखेको सुनिश्चित गर्नुपर्दछ ।<br>• तरलताबाट हुने आर्जन औषत बजारदरभन्दा बढी वा बराबर हुनुपर्ने छ ।<br>• तरलता गणना गर्दा मासिक औषतमा परीक्षण गुर्न पर्दछ ।<br>• तरलताको अलग्गै प्रतिवेदन सञ्चालक समितिलाई दिनु पर्दछ ।<br>• तरलता व्यवस्थापन गर्दा साकोस सञ्जाललाई प्राथमिकता दिएको सुनिश्चितता गर्नुपर्दछ ।<br>• १ महिनाभित्रमा तरलतामा परिणत हुने आवधिक बचतहरूलाई मात्र तरलतामा गणना गर्न सकिनेछ ।<br>• जतिसुकै समयको मुद्धती बचतलाई तरलतामा गणना नगरिएको सुनिश्चित गर्नुपर्दछ ।<br>• दैनिक नगद ब्यालेन्स परीक्षण गरिनुपर्दछ । मार्गमा रहेको नगदको विवरण राखिएको हुनुपर्दछ । (स्मरण गर्नुपर्ने कुरा : तरल सम्पत्ति भनेको नगद वा सामान्य अवस्थामा २४ घण्टाभित्र नगदमा परिणत हुने वित्तीय नीतिमा कम्तीमा पर्ल्सको स्तरअनुसार तरलता राख्ने व्यवस्था भएको नभएको परीक्षण गरिनुपर्दछ ।) | कुल सम्पत्तिको अनुपातमा ५ प्रतिशत भन्दा कम तथा कुल बचतको अनुपातमा १० प्रतिशतभन्दा कम कायम राख्ने गरेको | उच्च | ३ |
| | | कुल सम्पत्तिको अनुपातमा ५ देखि १० प्रतिशत तथा कुल बचतको अनुपातमा १० प्रतिशतभन्दा कम कायम राख्ने गरेको तथा नकमाउने । | मध्यम | २ |
| | | कुल सम्पत्तिको अनुपातमा १० देखि २० प्रतिशत र कुल बचतको आधारमा १६ देखि २५ प्रतिशत तरलता कायम राख्ने गरको तथा नकमाउने। | सामान्य | १ |

| २३. L3 - जम्मा सम्पत्तिको अनुपातमा नकमाउने तरल सम्पत्ति | | | | (३) |
|---|---|---|---|---|
| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• भल्ट तथा काउन्टर बीमालेखहरू<br>• भल्टबुक, मार्गस्थल नगद रजिस्टर, भल्ट चावी रजिस्टर<br>• भल्ट रजिष्टर<br>• नगद परिचालन नीति विकास, कार्यान्वयन र अद्यावधिक<br>• नगदको सुरक्षा तथा परिचालनको जिम्मेवारी प्रदानको कागजपत्रहरू<br>• साना नगदी कोष परिचालन कार्यविधिको विकास | • वित्तीय नीतिमा पर्ल्सको स्तरअनुसार नकमाउने तरलता राख्ने व्यवस्था भएको नभएको परीक्षण गरिनुपर्दछ ।<br>• नगद परिचालन कार्य विधि भए नभएको परीक्षण गरिनुपर्दछ ।<br>• नकमाउने तरल सम्पत्ति भन्नाले नगद, बैंक चल्ती वा ब्याज प्राप्त नहुने खाताहरूमा भएको रकम हो ।<br>• साकोसमा रहेको नगदको सुरक्षाको लागि भल्टको व्यवस्था भए नभएको परीक्षण गर्नुपर्दछ ।<br>• भल्टमा रहने अधिकतम रकमको अंक वित्तीय नीतिमा तोकिएको हुनुपर्दछ र सो बराबर बीमा हुनुपर्दछ ।<br>• नगद रहने काउण्टरको पनि अधिकतम रकमको अंक वित्तीय नीतिमा तोकिएको हुनुपर्दछ र सो बराबर बीमा हुनुपर्दछ ।<br>• अधिकतम भन्दा माथि काउण्टरमा नगद प्राप्त भएमा तुरून्तै बैंक दाखिला गर्ने नगद परिचालन कार्य विधि भएको हुनुपर्दछ ।<br>• नगद डेलिभरिको बीमा अनिवार्य हुनुपर्दछ ।<br>• भल्ट बुक अनिवार्य हुनुपर्दछ र भल्टको चाबी कम्तीमा २ जनासँग रहने नीतिगत तथा अभ्यास भएको हुनुपर्दछ ।<br>• भल्टबाट नगद झिक्दा र राख्दा नोटको विवरण सहितको प्रमाणित प्रतिवेदन तयार गर्नुपर्दछ ।<br>• नगद परीक्षण गरी लेखा समितिले दिएको प्रतिवेदन भए नभएको सुनिश्चित गरिनुपर्दछ ।<br>• विदेशी मुद्रा कारोबार नगरेको सुनिश्चित गरिनुपर्दछ । | साकोसमा नकमाउने तरल सम्पत्ति १ प्रतिशत भन्दा बढी भएको, नगद राख्ने सेफ बीमा नभएको र नगद परिचालनको कार्य विधि नभएको | उच्च | ३ |
| | | साकोसमा नकमाउने तरल सम्पत्ति ०.५ देखि १ प्रतिशत भएको, नगद राख्ने सेफ बीमा भएको र नगद परिचालनको कार्य विधि भएको | मध्यम | २ |
| | | साकोसमा नकमाउने तरल सम्पत्ति ०.५ प्रतिशत भन्दा कम भएको, नगदको काउण्टर, डेलिभरि तथा सेफ समेतको बीमा भएको र नगद परिचालनको कार्य विधि भएको | सामान्य | १ |

## वृद्धिको संकेत (Sign of Growth)

| २४. S10 - वार्षिक सदस्यता वृद्धिदर | | | | (३) |
|---|---|---|---|---|
| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• संस्थाको विनियम<br>• सञ्चालक समितिको निर्णय अभिलेख<br>• जनसंख्यासम्बन्धी तथ्याङ्क<br>• संस्थाको विधुतीय अभिलेख<br>• वार्षिक योजना | • संस्थाले ओगटेको कार्यक्षेत्रको कति प्रतिशत जनसंख्यालाई संस्थाले सेवा पुर्‍याई रहेको छ भन्ने कुराको तथ्यांक विश्लेषण गर्नुपर्दछ ।<br>• जनसंख्यासम्बन्धी तथ्याङ्क आधिकारिक निकायको हो होइन एकिन गर्नुपर्दछ ।<br>• परीक्षण गरेको वर्षमा संस्थाको सदस्यता त्याग गर्नेको विवरण हेर्नु पर्दछ ।<br>• सञ्चालक समितिले सदस्यता स्वीकृत गरेको र खारेजी गरेको निर्णय अभिलेखहरू हेर्नु पर्दछ ।<br>• मर्ज भएको वर्षमा मर्ज भएका जति साकोसको अघिल्लो बर्षको सदस्य संख्याबाट दोहोरिएका सदस्य संख्या घटाएर आधार अंक मानी वृद्धिदर निकाल्ने ।<br>• दोहोरो सदस्यतासम्बन्धी स्वघोषणा अद्यावधिक भएको सुनिश्चित गर्नुपर्दछ ।<br>• कम्तीमा १ प्रतिशत सदस्यता फाईलमा सम्बन्धित सदस्य कार्यक्षेत्रमा स्थायी अथवा अस्थायी रूपमा बसोबास गरेको आधिकारिक काजगात संलग्न रहे नरहेको सुनिश्चित गर्नुपर्दछ । | साकोसमा वार्षिक कुल सदस्य वृद्धिदर कार्यक्षेत्रको कुल जनसंख्यामा ३० प्रतिशत संलग्न गरी नसकेको वा ५ हजार भन्दा कम सदस्य भएको संस्थाको हकमा १५ प्रतिशतभन्दा कम | उच्च | ३ |
| | | साकोसमा वार्षिक कुल सदस्य वृद्धिदर कार्यक्षेत्रको कुल जनसंख्यामा ३० प्रतिशत संलग्न गरी सकेको वा ५ हजार भन्दा बढी सदस्य भएको संस्थाको हकमा २० प्रतिशतभन्दा कम | मध्यम | २ |
| | | साकोसमा वार्षिक कुल सदस्य वृद्धिदर कार्यक्षेत्रको कुल जनसंख्यामा ३० प्रतिशत वा ५ हजारभन्दा कम सदस्य भएको संस्थाको हकमा २५ प्रतिशत र सोभन्दा बढी सदस्य भएमा पर्ल्स मापदण्ड बमोजिम १५ प्रतिशतभन्दा बढी | सामान्य | १ |

| २५. S11 - कुल सम्पत्तिको वार्षिक वृद्धिदर | | | | (३) |
|---|---|---|---|---|
| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
| • वित्तीय प्रतिवेदनहरू (वासलात, नाफा नोक्सान र पर्ल्स विश्लेषण)<br>• त्रिवर्षिय रणनीतिक व्यवसायिक योजना<br>• वार्षिक योजना | • चालु आ.व. मा लिएको बाह्य ऋण र नोक्सानी रकम भए घटाएर मात्र वृद्धिदर गणना गर्नुपर्दछ ।<br>• ब्याज पुँजीकरणबाट मात्र सम्पत्ति वृद्धि नभएकोमा सुनिश्चित हुनुपर्दछ ।<br>• दीर्घकालीन योजना तथा वार्षिक कार्ययोजनाको लक्ष्य अनुसारको वृद्धि भए नभएको एकिन गर्नुपर्दछ ।<br>• वर्षान्त वा अन्तिम महिनामा एकै व्यक्ति वा संस्थागत सदस्यबाट कुल सम्पत्ति वृद्धि हुने गरी बचत स्वीकार गरे नगरेको परीक्षण गर्नुपर्दछ । | साकोसमा वार्षिक कुल सम्पत्तिको वृद्धि दर १० प्रतिशत भन्दा कम कायम रहेको | उच्च | ३ |
| | | साकोसमा वार्षिक कुल सम्पत्तिको वृद्धिदर १० देखि १५ प्रतिशत कायम रहेको | मध्यम | २ |
| | | साकोसमा वार्षिक कुल सम्पत्तिको मुद्रास्फिति दरमा १० प्रतिशतले बढी भएमा । | सामान्य | १ |

## ऋण जोखिम (Credit Risk)

| २६. ऋणनीतिको जोखिम | | | | (३) |
|---|---|---|---|---|
| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
| • ऋण व्यवस्थापन नीति | • वार्षिक रूपमा अद्यावधिक गरिएको ऋणनीति भएको सुनिश्चित गरिनुपर्दछ ।<br>• ऋणनीतिको कार्यान्वयन भएको सुनिश्चित गरिनुपर्दछ ।<br>• ऋणनीति संघले उपलब्ध गराएको नमुना ऋणनीति अनुसार भएको सुनिश्चित गरिनुपर्दछ । | वार्षिक रूपमा अद्यावधिक गरिएको ऋणनीति नभएको, ऋणनीतिको कार्यान्वयन नभएको, ऋणनीति संघले उपलब्ध गराएको नमुना ऋणनीति अनुसार नभएको | उच्च | ३ |
| | | ऋणनीति भएको, ऋणनीतिको कार्यान्वयन भएको, ऋणनीति संघले उपलब्ध गराएको नमुना ऋणनीतिअनुसार नभएको | मध्यम | २ |
| | | वार्षिक रूपमा अद्यावधिक गरिएको ऋणनीति भएको, ऋणनीतिको कार्यान्वयन भएको, ऋणनीति संघले उपलब्ध गराएको नमुना ऋणनीतिअनुसार भएको | सामान्य | १ |

| २७. ऋण सेवा विकास (क्षेत्रगत तथा व्यक्तिगत सीमा) जोखिम | | | | (३) |
|---|---|---|---|---|
| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
| • ऋण व्यवस्थापन नीति<br>• ऋण सेवा विकासको प्रक्रिया | • ऋण सेवाहरूको विकासमा सदस्यहरूको सहभागिता भएको सुनिश्चित गरिनुपर्दछ ।<br>• ऋणको क्षेत्रगत सीमा एउटा क्षेत्रमा २५ प्रतिशत नकटेको सुनिश्चित गरिनुपर्दछ ।<br>• ऋणको व्यक्तिगत सीमा प्राथमिक पुँजीको १० प्रतिशत भन्दा बढी नभएको सुनिश्चित गरिनुपर्दछ । | ऋण सेवाहरूको विकासमा सदस्यहरूको सहभागिता नभएको, ऋणको क्षेत्रगत सीमा एउटा क्षेत्रमा ३० प्रतिशत माथि रहेको, ऋणको व्यक्तिगत सीमा प्राथमिक पुँजीको १० प्रतिशत भन्दा बढी भएको, एक परिवारलाई प्राथमिक पुँजीको हिसाबले एक व्यक्ति नमानिएको | उच्च | ३ |

| | | | | |
|---|---|---|---|---|
| | • एक परिवारलाई प्राथमिक पुँजीको हिसाबले एक व्यक्ति मान्नु पर्दछ ।<br>• ऋण लगानी क्षेत्रगत सीमा घर जग्गाको हकमा कुल लगानीमा रहेको ऋणको २५ प्रतिशत भन्दा बढी नभएको । र संस्थाको सदस्यको पेशागत आवश्यकतालाई हेरी कुनै ऋण शीर्षकमा अधिकतम ४० प्रतिशत भन्दा बढी ऋण केन्द्रीकृत नभएको ।<br>• ऋण लगानी क्षेत्रगत सीमाअनुसार अनुत्पादक क्षेत्रको हकमा कुल लगानीमा रहेको ऋणको अधिकतम २५% र उत्पादनमूलक क्षेत्रमा ४०% नकटेको सुनिश्चित गरिनुपर्ने । पेशागत आवश्यकतालाई हेरी कुनै ऋण शीर्षकमा अधिकतम ४० प्रतिशतभन्दा बढी ऋण केन्द्रीकृत नभएको ।<br>• बिना धितो ऋण प्रवाह सीमा लगानीमा रहिरहेको ऋणको १० प्रतिशत भन्दा बढी नभएको । | ऋण सेवाहरूको विकासमा सदस्यहरूको सहभागिता नभएको, ऋणको क्षेत्रगत सीमा एउटा क्षेत्रमा २५ देखि ३० प्रतिशत रहेको, ऋणको व्यक्तिगत सीमा प्राथमिक पुँजीको १० प्रतिशत भन्दा बढी भएको, एक परिवारलाई प्राथमिक पुँजीको हिसाबले एक व्यक्ति मानिएको । | मध्यम | २ |
| | | ऋण सेवाहरूको विकासमा सदस्यहरूको सहभागिता भएको, ऋणको क्षेत्रगत सीमा एउटा क्षेत्रमा २५ प्रतिशत नकटेको, ऋणको व्यक्तिगत सीमा प्राथमिक पुँजीको १० प्रतिशत भन्दा बढी नभएको, एक परिवारलाई प्राथमिक पुँजीको हिसाबले एक व्यक्ति मानिएको | सामान्य | १ |

| २८. ऋण विश्लेषण (५सी) धितो, जमानत तथा बीमा जोखिम | | | | (३) |
|---|---|---|---|---|
| **परीक्षणका साधनहरु** | **परीक्षकले ध्यान दिनु पर्ने कुराहरु** | **जोखिमको अवस्था** | | |
| • ऋण व्यवस्थापन नीति<br>• ५ प्रतिशत ऋणीको फाइल<br>• धितो मूल्यांकन कार्यविधि | • ५ सी विश्लेषण गरेको सुनिश्चितता गर्नुपर्दछ ।<br>• प्रचलित कानुनमा तोकिएबमोजिम भन्दा बाहेक बिना धितो ऋण लगानी नभएको सुनिश्चित गरिनुपर्दछ ।<br>• बिना धितो ऋणको हकमा सदस्यको बचतको आधारमा तिन गुणासम्म वा बढीमा रू. १ लाखमध्ये जुन कम हुन्छ सो भन्दा बढी दिए नदिएको एकिन गर्नुपर्दछ ।<br>• ऋणको धितो जमानत तथा कानूनी कागजातहरू ऋणको फाईलमा प्रमाणित प्रतिलिपि राखी सक्कल प्रति सुरक्षित रूपमा फायर प्रुफ दराजमा राखिएको सुनिश्चित गरिनुपर्दछ ।<br>• उपलब्धताको आधारमा धितो तथा ऋणीको बीमा गरिएको हुनुपर्दछ ।<br>• धितो मूल्यांकन कार्यविधि बमोजिम मूल्यांकन गरिएको एकिन गर्नुपर्दछ ।<br>• ऋण परामर्श पत्रको प्रयोग गरिएको सुनिश्चितता गर्नुपर्दछ ।<br><br>***नोट : बिना धितो भन्नाले चल अचल सम्पत्ति नराखी लगानी गरिएको ऋण । समूह जमानतमा सहकारी लघुवित्त नमूनाअनुसार समूह गठन भई लगानी भएको सुनिश्चित गर्नुपर्दछ ।*** | ऋण क्षमतामा आधारित भएर लगानी नगरिएको, बिना धितो ऋण भएको, धितो जमानतका कागजातहरू ऋणको फायलमा नै नभएको, धितो तथा ऋणीको बीमा नगरिएको, ५ सी विश्लेषण नगरिएको । | उच्च | ३ |
| | | ऋण क्षमतामा आधारित भएर लगानी नगरिएको, बिना धितो ऋण नभएको, धितो जमानतका कागजातहरू ऋणको फायलमा नै भएको, धितो तथा ऋणीको बीमा गरिएको, ५ सी विश्लेषण पूर्ण कार्यान्वयन नगरिएको । | मध्यम | २ |
| | | ऋण क्षमतामा आधारित भएर लगानी गरिएको, बिना धितो ऋण नभएको, धितो जमानतका कागजातहरू ऋणको फायलमा नै भएको, धितो तथा ऋणीको बीमा गरिएको, ५ सी विश्लेषण गरी प्रमाणित हुने कागजातहरू फायलमा नै राखिएको । | सामान्य | १ |

## २९. ऋणसम्बन्धी कागजात जोखिम (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • ऋण व्यवस्थापन नीति<br>• ऋणका फाइलहरू | • ऋण व्यवस्थापन नीतिअनुसार सबै कागजात भए नभएको परीक्षण गरिनुपर्दछ ।<br>• धितोको कागजात पूरा भएको सुनिश्चित गरिनुपर्दछ ।<br>• बिमासम्बन्धी कागजात, व्यवसायिक योजना, नगद प्रवाह भएको सुनिश्चित गर्नुपर्दछ ।<br>• आम्दानीको स्रोत खुल्ने कागजात भए नभएको परीक्षण गरिनुपर्दछ ।<br>• ऋणी सदस्य स्वयंले लिएको निस्सा भए नभएको परीक्षण गरिनुपर्दछ ।<br>• ऋणी पूरा असुल भइ सके पछि चुक्ताको निस्सा दिइएको सुनिश्चित गरिनुपर्दछ ।<br>• मुलुकु देवानी संहितामा उल्लेख भए बमोजिमको ऋणका कागजातहरू तयार गरेको र अख्तियारी प्रदान गरेको सुनिश्चित गर्नुपर्दछ ।<br>• ऋणको फायलमा अनिवार्य चेक लिष्ट र सो बमोजिमको कागजात भएको सुनिश्चित गर्ने ।<br>• ऋणसँग सम्बन्धित सम्पूर्ण कागजात कार्यालय वा तोकेको कर्मचारीले प्रमाणीत गरेको सुनिश्चित गर्ने ।<br>• ऋण ताकेता र ऋण अनुगमन सम्वन्धि कागजात ऋण फायलमा समावेश रहेको सुनिश्चित गर्ने ।<br>• ऋणको धितोको नक्सा कर्मचारी स्वयम्ले संकलन गरेको सुनिश्चित गरी प्रतिनिधिमार्फत धितो रोक्का गर्ने गरेको अवस्थामा प्रतिनिधिसँग अनिवार्य सम्झौता भएको सुनिश्चित गर्ने । | ऋण व्यवस्थापन नीतिअनुसार सबै कागजात नभएको, धितोको कागजात पूरा नभएको, व्यवसायिक योजना, नगद प्रवाह ५ सी नभएको, आम्दानीको स्रोत खुल्ने कागजात नभएको, कागजात सुरक्षाको व्यवस्था नभएको । | उच्च | ३ |
| | | ऋण व्यवस्थापन नीति अनुसार सबै कागजात नभएको, धितोको कागजात पूरा नभएको, व्यवसायिक योजना, नगद प्रवाह ५ सी भएको, आम्दानीको स्रोत खुल्ने कागजात नभएको, कागजात सुरक्षाको व्यवस्था नभएको । | मध्यम | २ |
| | | ऋण व्यवस्थापन नीतिअनुसार सबै कागजात भएको, धितोको कागजात पूरा भएको, व्यवसायिक योजना, नगद प्रवाह ५ सी भएको, आम्दानीको स्रोत खुल्ने कागजात भएको, कागजात सुरक्षाको व्यवस्था भएको । | सामान्य | १ |

## ३0. ऋण लगानी प्रक्रिया जोखिम (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • ऋणनीति<br>• ऋणको फ्लो चार्ट | • ऋणनीति अनुसारको प्रक्रिया र मापदण्डको पालन भएको सुनिश्चित गरिनुपर्दछ ।<br>• ऋण स्वयंले लिने भएमा एक तह माथिबाट स्वीकृत भएको सुनिश्चित गरिनुपर्दछ ।<br>• स्वीकृत ऋणरकम सम्बन्धित ऋणीको बचत खातामा नै भुक्तानी भएको सुनिश्चित गरिनुपर्दछ ।<br>• ऋणको समयावधि औसतमा ५ वर्षभन्दा रहेको । तर ऋणको प्रकृति र रकम हेरी अधिकतम १० वर्षभन्दा बढी नभएको ।<br>• सञ्चालक समितिमा ४९ प्रतिशतभन्दा बढीमा ऋण लगानी नभएको सुनिश्चितता गरिनुपर्दछ ।<br>• ऋण लगानी पूर्व तरलता परीक्षण गरी तरलताको आधारमा ऋण स्वीकृत गरिएको सुनिश्चित हुनुपर्दछ । | ऋणनीति अनुसारको प्रक्रिया पालना नभएको, ऋण स्वयंले लिने भएमा एक तह माथिबाट स्वीकृत नभएको, ऋण खातामा नै भुक्तानी नभएको | उच्च | ३ |
| | | ऋणनीति अनुसारको प्रक्रिया पालन नभएको, ऋण स्वयंले लिने भएमा एक तह माथिबाट स्वीकृत नभएको, ऋण खातामा नै भुक्तानी भएको | मध्यम | २ |
| | | ऋणनीति अनुसारको प्रक्रिया पालन भएको, ऋण स्वयंले लिने भएमा एक तह माथिबाट स्वीकृत भएको, ऋण खातामा नै भुक्तानी भएको | सामान्य | १ |

## ३१.ऋण असुली जोखिम (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • ऋणनीति<br>• ऋण असुली प्रतिवेदन<br>• मासिक ऋण असुली क्यालेण्डर | • नीतिको शर्तअनुसार ऋण असुली भए नभएको परीक्षण गरिनुपर्दछ ।<br>• ऋण असुली प्रक्रियाको कागजातहरू व्यक्तिगत फाइलमा राखिएको सुनिश्चित गर्नुपर्दछ ।<br>• ऋणनीति नमुना ऋणनीति अनुसार निर्माण गरिएको हुनुपर्दछ ।<br>• असुलीदर ९५ प्रतिशत भएको सुनिश्चित गर्ने ।<br>• ऐनबमोजिम कर्जा असुली न्यायाधीकरणको क्षेत्राधिकारभित्र पर्ने ऋण समय सीमाभित्र असुली प्रक्रिया सुरू भएको सुनिश्चित गर्ने ।<br>• आवधिक बचतलाई धितो मानी यदि ९० प्रतिशतसम्म लगानी गरिएको ऋणहरूको हकमा अनिवार्य मासिक ब्याज असुल भएको हुनुपर्दछ । तर आवधिक बचतको ८० प्रतिशतसम्म लगानी गरेको हकमा उक्त बचतमा ब्याज दिईएको मितिमा ब्याज आम्दानी हुने गरी शर्त कायम गर्न बाधा पर्नेछैन ।<br>• विपद्को कारणबाट वा सरकारले कुनै निषेधाज्ञा जारी गरेको कारणबाट प्रभावित सदस्यहरूलाई संस्थाले महामारी वा विपद्को समयमा महामारीमा ऋण व्यवस्थापन कार्यविधि बनाई सहुलियत दिन सक्नेछ । तर त्यस्तो सहुलियतहरूलाई कम्तिमा २ वर्षभित्रमा सुधारमा ल्याउने रणनीति समेत कार्यान्वयनमा ल्याउनुपर्नेछ । | कुल ऋणी सदस्यको ८० प्रतिशत भन्दा कम सदस्यबाट ८० प्रतिशत भन्दा कम ऋण रकम समयमा नै असुली भएको । | उच्च | ३ |
| | | कुल ऋणी सदस्यको ८० देखि ९५ प्रतिशत सदस्यबाट ८० देखि ९५ प्रतिशत ऋण रकम समयमा नै असुली भएको । | मध्यम | २ |
| | | कुल ऋणी सदस्यको ९५ प्रतिशत सदस्य बाट ९५ प्रतिशत भन्दा बढी ऋण रकम समयमा नै असुली भएको | सामान्य | १ |

## ३२. सञ्चालक, उप समिति, कर्मचारीहरू तथा निजका आफन्तहरूको ऋणमा जोखिम (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • ऋणको प्रतिवेदन<br>• सञ्चालक, उपसमिति, कर्मचारीहरूको ऋण विवरण<br>• आफन्तहरूको ऋण विवरण<br>• DOSARI को प्रतिवेदन | • सञ्चालक समितिको कुल सदस्यहरूको ४९ प्रतिशत भन्दा कम सदस्यहरूले मात्र ऋण लिएको सुनिश्चित गरिनुपर्दछ ।<br>• लेखा समितिका सदस्यहरूको ४९ प्रतिशत भन्दा कम सदस्यले ऋण लिएको ।<br>• ऋण उप समितिको सदस्यहरू मध्य ४९ प्रतिशत सदस्यमा मात्र ऋण लिएको सुनिश्चित गरिनुपर्दछ ।<br>• आफन्तहरू वा बेनामी ऋण नभएको सुनिश्चित गर्ने ।<br>• DOSARI मा लगानी हुने कुल ऋण लगानीको अधिकतम १० प्रतिशत नबढ्ने गरी वा सञ्चालक समिति, लेखा समिति, उपसमितिहरू, कर्मचारीहरूको जम्मा संख्या र संस्थाको प्रति ऋणी औषत ऋणको गुणन गर्दा आउने रकम बराबर लगानी भएको सुनिश्चित गर्ने ।<br>• कर्मचारी सहुलियत ऋण एकपटकमा एउटा परियोजनामा मात्र भएको सुनिश्चितता गर्ने । | सञ्चालक समितिको कुल सदस्यहरूको ४९ प्रतिशत भन्दा बढी सदस्यहरूले ऋण लिएको, लेखा समितिका सदस्यहरूको ४९ प्रतिशत भन्दा बढी सदस्यले ऋण लिएको, ऋण उप समितिको सदस्यहरू मध्ये ४९ प्रतिशत भन्दा बढी सदस्यहरूले ऋण लिएको, कर्मचारीहरूलाई ऋण दिएको, आफन्तहरू वा बेनामी ऋण भएको | उच्च | ३ |
| | | सञ्चालक समितिको कुल सदस्यहरूको ४९ प्रतिशत भन्दा कम सदस्यहरूले मात्र ऋण लिएको तर तरलता बढी भएको समयमा ५० भन्दा माथि ऋण प्रवाह भएको, लेखा समितिका सदस्यहरूको ४९ प्रतिशत भन्दा कम सदस्यले ऋण लिएको, ऋण उप समितिको सदस्यहरू मध्य ४९ प्रतिशत सदस्यमा मात्र ऋण लिएको, कर्मचारीहरूलाई सेवा ऋण मात्र दिएको, आफन्तहरू वा बेनामी ऋण नभएको | मध्यम | २ |
| | | सञ्चालक समितिको कुल सदस्यहरूको ४९ प्रतिशत भन्दा कम सदस्यहरूले मात्र ऋण लिएको, लेखा समितिका सदस्यहरूको ४९ प्रतिशत भन्दा कम सदस्यले ऋण लिएको, ऋण उप समितिको सदस्यहरू मध्य ४९ प्रतिशत सदस्यमा मात्र ऋण लिएको, कर्मचारीहरूलाई सेवा ऋण मात्र दिएको, आफन्तहरू वा बेनामी ऋण नभएको | सामान्य | १ |

## ३३. ऋण सदुपयोगिता अनुगमन जोखिम (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • ऋणनीति<br>• ऋण सदुपयोगिता अनुगमन प्रतिवेदन<br>• ऋण सदुपयोगिता अनुगमन कार्यविधि | • ऋण सदुपयोगिता अनुगमन कार्यविधि भएको सुनिश्चितता गर्ने ।<br>• कम्तीमा १० प्रतिशत ऋणीहरूको ऋण सदुपयोगिता अनुगमन भएको सुनिश्चित गरि नुपर्दछ ।<br>• ऋणनीतिमा ऋणको क्षेत्रगत सीमा तोकिएको सुनिश्चित गरिनुपर्दछ ।<br>• ऋण सदुपयोगिता अनुगमन प्रतिवेदन व्यक्तिगत फाइलमा राखेको सुनिश्चित गरिनुपर्दछ । | १० प्रतिशतभन्दा कम ऋणीहरूको ऋण सदुपयोगिता अनुगमन भएको, ऋणनीतिमा ऋणको क्षेत्रगत सीमा नतोकिएको, एउटै क्षेत्रमा २५ प्रतिशत भन्दा बढी ऋण परिचालन भएको, ८० प्रतिशतभन्दा कमले सदुपयोग गरेको । | उच्च | ३ |
| | | १० प्रतिशत ऋणीहरूको ऋण सदुपयोगिता अुनगमन भएको, ऋणनीतिमा ऋणको क्षेत्रगत सीमा तोकिएको, एउटै क्षेत्रमा २५ प्रतिशत भन्दा बढी ऋण परिचालन नभएका, ८० देखि ९० प्रतिशतले सदुपयोग गरेको | मध्यम | २ |
| | | कम्तिमा १० प्रतिशत ऋणीहरूको ऋण सदुपयोगिता अुनगमन भएको, ऋणनीतिमा ऋणको क्षेत्रगत सीमा तोकिएको, एउटै क्षेत्रमा २५ प्रतिशत भन्दा बढी ऋण परिचालन भएको ९० प्रतिशत भन्दा बढीले सदुपयोग गरेको । | सामान्य | १ |

## ३४. ऋण परिचालन क्षमता जोखिम (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • ऋणनीति<br>• ऋणको प्रतिवेदन<br>• मानव संसाधन नीति<br>• रणनीतिक व्यवसायिक योजना<br>• वार्षिक योजन प्रतिवेदन | • ऋणको सीमा प्राथमिक पुँजी कोषको १० प्रतिशत भएको।<br>• भाखा नाघेको ऋण २ प्रतिशतभन्दा कम भएको ।<br>• ऋण शाखाको व्यवस्था भएको ।<br>• ऋण शाखाका कर्मचारीहरूले ऋण व्यवस्थापन तालिम लिएको<br>• ऋण उप-समितिका सदस्यहरूले ऋण व्यवस्थापन तालिम लिएको | ऋणको सीमा प्राथमिक पुँजी कोषको १० प्रतिशत भन्दा माथि भएको, भाखा नाघेको ऋण ५ प्रतिशत भन्दा माथि भएको, व्यवस्थापनमा ऋण शाखाको व्यवस्था नभएको ,ऋण शाखाका कर्मचारीहरूले ऋण व्यवस्थापन तालिम नलिएको,ऋण उप समितिका सदस्यहरूले ऋण व्यवस्थापन तालिम नलिएको । | उच्च | ३ |
| | | ऋणको सीमा प्राथमिक पुँजी कोषको १० प्रतिशत भएको, भाखा नाघेको ऋण २ देखि ५ प्रतिशत भएको, व्यवस्थापनमा ऋण शाखाको व्यवस्था भएको, ऋण शाखाका कर्मचारीहरूले ऋण व्यवस्थापन तालिम लिएको, ऋण उप समितिका सदस्यहरूले ऋण व्यवस्थापन तालिम लिएको । | मध्यम | २ |
| | | ऋणको सीमा प्राथमिक पुँजी कोषको १० प्रतिशतभन्दा कम भएको, भाखा नाघेको ऋण २ प्रतिशतभन्दा कम भएको, व्यवस्थापनमा ऋण शाखाको व्यवस्था भएको ,ऋण शाखाका कर्मचारीहरूले ऋण व्यवस्थापन तालिम लिएको,ऋण उप समितिका सदस्यहरूले ऋण व्यवस्थापन तालिम लिएको । | सामान्य | १ |

# सञ्चालन जोखिम (Operational Risk)

| ३५. वित्तीय औजार तथा भुक्तानी नियन्त्रण प्रणाली | | | | (३) |
|---|---|---|---|---|
| **परीक्षणका साधनहरु** | **परीक्षकले ध्यान दिनु पर्ने कुराहरु** | **जोखिमको अवस्था** | | |
| • भुक्तानी पुर्जा नियन्त्रण विधि<br>• आर्थिक प्रशासासन नीति<br>• भुक्तानीका एप्लिकेसनहरू प्रयोगको अवस्था<br>• रेमिटेन्स भुक्तानी नियन्त्रणको अवस्था<br>• रेमिट कारोबारको रजिष्टर<br>• डे बुक<br>• दैनिक कारोबार भौचर | • तीन जना कर्मचारीहरू भएको साकोसमा कार्य संचालन खाता व्यवस्थापनबाट संचालन भएको सुनिश्चित गरिनुपर्दछ ।<br>• भुक्तानी पुर्जा प्राप्ति, जाँच, प्रमाणीकरण, भुक्तानी पुर्जा जारी गरेको दर्ता भएको सुनिश्चितता गर्ने ।<br>• खर्च तथा भुक्तानी गर्दा बिल, भपाईं प्रमाणित भएको सुनिश्चित गर्नु पर्दछ ।<br>• बजेटमा आधारित खर्च प्रणाली भएको सुनिश्चितता गर्नुपर्दछ ।<br>• एप्लिकेशनहरूको पासवर्ड नियन्त्रणको नीतिगत व्यवस्था भएको हुनुपर्दछ ।<br>• रेमिटेन्सको भुक्तानी गर्दा अग्रिम भुक्तानी नभएको सुनिश्चित गरिनुपर्दछ ।<br>• रेमिट कम्पनीको कारोबारको छुट्टै अभिलेख व्यवस्थापन भए नभए सुनिश्चित गर्नुपर्दछ ।<br>• रेमिट कारोबारको दैनिक रूपमा कारोबारको हिसाब मिलान भएको सुनिश्चित गरिनुपर्दछ ।<br>• पास बुकको बितरण, कलेक्सन सिटको अभिलेख राखेको र बचत जम्मा गरेको निस्सा रहे नरहेको सुनिश्चितता गर्नुपर्दछ ।<br>• सदस्य बनाएर मात्र खातामा भुक्तानी गरेको सुनिश्चित गरिनुपर्दछ ।<br>• सञ्चालक, व्यवस्थापक/प्रमुख कार्यकारी अधिकृत र लेखा प्रमुखलाई पेश्की नदिएको सुनिश्चितता गर्नुपर्दछ । | तीन जना कर्मचारीहरू भएको साकोसमा कार्य संचालन खाता व्यवस्थापनबाट संचालन नभएको, भुक्तानी पुर्जा प्राप्ति तथा खर्चको दर्ता नभएको, एप्लिकेशनहरूको पासवर्ड नियन्त्रणको नीतिगत व्यवस्था नभएको, रेमिटेन्सको भुक्तानी गर्दा अग्रिम भुक्तानी नभएको तथा खातामा भुक्तानी नभएको । भुक्तानी भरपाईबाट एकजना कर्मचारीले मात्र तयार एवं रूजु गरी बचत फिर्ता गर्ने गरिएको ।<br><br>तीन जना कर्मचारीहरू भएको साकोसमा कार्य संचालन खाता व्यवस्थापनबाट संचालन भएको, भुक्तानी पुर्जा प्राप्ति तथा खर्चको दर्ता भएको, एप्लिकेशनहरूको पासवर्ड नियन्त्रणको नीतिगत व्यवस्था भएको, रेमिटेन्सको भुक्तानी गर्दा अग्रिम भुक्तानी नभएको तथा खातामा भुक्तानी नभएको । भुक्तानी भरपाई एउटाले तयार गर्ने र अर्कोले भुक्तानी दिने गरी २ जना कर्मचारीको सहभागितामा बचत फिर्ता हुने गरेको ।<br><br>तीन जना कर्मचारीहरू भएको साकोसमा कार्य संचालन खाता व्यवस्थापनबाट संचालन भएको, भुक्तानी पुर्जा प्राप्ति तथा खर्चको दर्ता भएको, एप्लिकेशनहरूको पासवर्ड नियन्त्रणको नीतिगत व्यवस्था नभएको, रेमिटेन्सको भुक्तानी गर्दा अग्रिम भुक्तानी नभएको तथा खातामा भुक्तानी भएको । सिस्टम प्रिन्टेड भुक्तानी पुर्जा दिई सोबाट मात्र रकम फिर्ता हुने गरेको । | उच्च<br><br><br><br><br>मध्यम<br><br><br><br><br><br>सामान्य | ३<br><br><br><br><br>२<br><br><br><br><br><br>१ |

| ३६. नगद नियन्त्रण प्रणाली | | | | (३) |
|---|---|---|---|---|
| **परीक्षणका साधनहरु** | **परीक्षकले ध्यान दिनु पर्ने कुराहरु** | **जोखिमको अवस्था** | | |
| • नगद परिचालन कार्य विधि<br>• आर्थिक प्रशासन नीति<br>• भल्ट बुक<br>• डे बुक<br>• लेखा समितिको नगद परीक्षण प्रतिवेदन | • नगद परिचालन कार्यविधि निर्माण भए नभएको परीक्षण गरिनुपर्दछ ।<br>• आर्थिक प्रशासन नीतिमा नगद नियन्त्रणको विधि स्पष्ट भएको हुनुपर्दछ ।<br>• भल्ट बुक अद्यावधिक भएको हुनुपर्दछ ।<br>• डे बुक अद्यावधिक गरिएको हुनुपर्दछ ।<br>• लेखा सुपरीवेक्षण समितिले कम्तिमा त्रैमासिक रूपमा नगद परीक्षण गरिए नगरिएको सुनिश्चित गरिनुपर्दछ ।<br>• नगद दोहोरो नियन्त्रण प्रणाली अनुसार भएको सुनिश्चित गरिनुपर्दछ ।<br>• कम्तिमा मासिक रूपमा कोषाध्यक्ष वा सञ्चालक समितिले तोकेको व्यक्तिबाट एकपटक भल्टमा नगदको छड्के जाँच गर्ने व्यवस्था गरिएको सुनिश्चित हुनुपर्दछ । | नगद परिचालन कार्यविधि निर्माण नभएको, आर्थिक प्रशासन नीतिमा नगद नियन्त्रणको विधि स्पष्ट नभएको, भल्ट बुक अद्यावधिक नभएको, डे बुक अद्यावधिक नगरिएको, त्रैमासिक रूपमा नगद परीक्षण नगरिएको, नगद दोहोरो नियन्त्रण प्रणालीअनुसार नभएको ।<br><br>नगद परिचालन कार्यविधि निर्माण भएको, आर्थिक प्रशासन नीतिमा नगद नियन्त्रणको विधि स्पष्ट नभएको, भल्ट बुक अद्याबधि नभएको, डे बुक अद्यावधिक गरिएको, त्रैमासिक रूपमा नगद परीक्षण नगरिएको, नगद दोहोरो नियन्त्रण प्रणाली अनुसार भएको । | उच्च<br><br><br><br><br>मध्यम | ३<br><br><br><br><br>२ |

| | | | | |
|---|---|---|---|---|
| • भल्ट कि रजिष्टर काउन्टरमा प्रवेश लग बुक | • विप्रेषणको सेवा प्रदायकहरू प्रत्येकको छुट्टै सहायक खाता तयार गरी कम्तिमा मासिक रूपमा रिकन्साईल गरिएको सुनिश्चित गरिनुपर्दछ ।<br>• नगद यथार्थभन्दा कम वा बढी भएको अवस्थामा छानवीन पश्चात् व्यवस्थापन प्रमुख र सञ्चालक समितिमा प्रतिवेदन पेस गरिएको सुनिश्चित गरिनुपर्दछ ।<br>• सी.सी. क्यामेरामार्फत नोट पहिचान हुनुपर्ने ।<br>• सी.सी. क्यामेराले कार्यालयको सम्पूर्ण कक्षका साथै भल्ट र काउन्टरभित्री र बाहिरी भाग रेकर्ड हुने गरी व्यवस्थापन गरिनुपर्दछ । | नगद परिचालन कार्य विधि निर्माण भएको, आर्थिक प्रशासन नीतिमा नगद नियन्त्रणको विधि स्पष्ट भएको, भल्ट बुक अद्याबधि भएको, डे बुक अद्यावधिक गरिएको, त्रैमासिक रूपमा नगद परीक्षण गरिएको, नगद दोहोरो नियन्त्रण प्रणाली अनुसार भएको । | सामान्य | १ |

## ३७. संचालन त्रुटि व्यवस्थापन जोखिम (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • त्रुटि व्यवस्थापन आन्तरिक कार्यविधि भएको<br>• कार्यान्वयन अवस्थाको परीक्षण प्रतिवेदन<br>• त्रुटि रजिष्टर | • त्रुटि व्यवस्थापन आन्तरिक कार्यविधि भए नभएको परीक्षण गरिनुपर्दछ ।<br>• आन्तरिक कार्यविधि अनुसार त्रुटि व्यवस्थापन भए नभएको परीक्षण गरि नुपर्दछ ।<br>• त्रुटि रजिष्टर अद्यावधिक भएको | त्रुटि व्यवस्थापन आन्तरिक कार्यविधि नभएको, त्रुटि व्यवस्थापन नभएको, त्रुटि रजिष्टर अद्यावधिक नभएको | उच्च | ३ |
| | | त्रुटि व्यवस्थापन आन्तरिक कार्यविधि भएको, आन्तरिक कार्यविधि अनुसार त्रुटि व्यवस्थापन नभएको, परीक्षण, त्रुटि रजिष्टर अद्यावधिक भएको | मध्यम | २ |
| | | त्रुटि व्यवस्थापन आन्तरिक कार्यविधि भएको, आन्तरिक कार्यविधि अनुसार त्रुटि व्यवस्थापन भएको, परीक्षण, त्रुटि रजिष्टर अद्यावधिक भएको | सामान्य | १ |

## ३८. कर्मचारी व्यवस्थापन तथा क्षमता विकास जोखिम (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • मानव संशाधन नीति ।<br>• रणनीतिक योजना तथा वार्षिक बजेट<br>• विदाको रेकर्ड<br>• हाजिरी रेकर्ड | • नमुना मानव संशाधन नीतिअनुसार व्यवस्थापन संरचना भए नभएको परीक्षण गरिनुपर्दछ ।<br>• दरबन्दी परिभाषित भए नभएको परीक्षण गरिनुपर्दछ ।<br>• दरबन्दीअनुसार कर्मचारीहरूको व्यवस्थापन भए नभएको परीक्षण गरिनुपर्दछ ।<br>• सञ्चालक समितिको परिवारको सदस्य कर्मचारी नभएको सुनिश्चित गरिनुपर्दछ ।<br>• दुई बर्षमा एक पटक सबै कर्मचारीहरूलाई बिषयगत तालिम दिएको सुनिश्चित गरिनुपर्दछ ।<br>• असल अभ्यासहरूको अवलम्बन गरिएको हुनुपर्दछ ।<br>• सामान्यता दुई वर्षमा कर्मचारीलाई जिम्मेवारी हेरफेरसम्बन्धी व्यवस्था भएको सुनिश्चित गर्नुपर्दछ । | नमुना मानव संशाधन नीति अनुसार व्यवस्थापन संरचना नभएको, दरबन्दी परिभाषित नभएको, दरबन्दी अनुसार कर्मचारीहरूको व्यवस्थापन नभएको, सञ्चालक समितिको परिवारको सदस्य कर्मचारी भएको, दुई बर्षमा एक पटक सबै कर्मचारीहरूलाई बिषयगत तालिम नदिएको, असल अभ्यासहरूको अवलम्बन नगरिएको, दरबन्दीमा कर्मचारी खाली भए पछि पनि कर्मचारी व्यवस्थापन नभएको । | उच्च | ३ |
| | | नमुना मानव संशाधन नीति अनुसार व्यवस्थापन संरचना नभएको, दरबन्दी परिभाषित भएको, दरबन्दी अनुसार कर्मचारीहरूको व्यवस्थापन नभएको, सञ्चालक समितिको परिवारको सदस्य कर्मचारी भएको, दुई बर्षमा एक पटक सबै कर्मचारीहरूलाई बिषयगत तालिम नदिएको, असल अभ्यासहरूको अवलम्बन नगरिएको, दरबन्दीमा कर्मचारी खाली भए पछि कर्मचारी व्यवस्थापन भएको । | मध्यम | २ |
| | | नमुना मानव संशाधन नीति अनुसार व्यवस्थापन संरचना भएको, दरबन्दी परिभाषित भएको, दरबन्दी अनुसार कर्मचारीहरूको व्यवस्थापन भएको, सञ्चालक समितिको परिवारको सदस्य कर्मचारी नभएको, दुई बर्षमा एक पटक सबै कर्मचारीहरूलाई बिषयगत तालिम दिएको, असल अभ्यासहरूको अवलम्बन गरिएको, दरबन्दीमा कर्मचारी खाली हुनु कम्तीमा १५ दिन अघि कर्मचारी व्यवस्थापन भएको । | सामान्य | १ |

## ३९. कर्मचारी सन्तुष्टिगत जोखिम (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • कर्मचारी सन्तुष्टि सर्वेक्षण प्रतिवेदन<br>• सर्वेक्षण फारम | • वार्षिक रूपमा कर्मचारीहरूको सन्तुष्टि सर्वेक्षण गरिएको सुनिश्चित गरिनुपर्दछ ।<br>• सर्वेक्षणको नतिजाको आधारमा कार्यक्रम, बजेट र नीतिगत व्यवस्था भएको एकिन गर्नुपर्दछ । | सर्वेक्षणमा सबै कर्मचारीहरूको ८० प्रतिशत भन्दा बढी सूचकहरूमा ३ भन्दा कम अंक | उच्च | ३ |
| | | सर्वेक्षणमा सबै कर्मचारीहरूको ६० देखि ८० प्रतिशतसम्मका सूचकहरूमा ३ भन्दा कम अंक | मध्यम | २ |
| | | सर्वेक्षणमा सबै कर्मचारीहरूको सबै सूचकहरूमा ३ भन्दा माथिको अंक | सामान्य | १ |

## ४०. कर्मचारी कार्यविवरण तथा कार्यसम्पादन मुल्याङ्कन जोखिम (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • कर्मचारीहरूको व्यक्तिगत फायल<br>• कार्यविवरणहरू<br>• प्रदान गरिएको पृष्ठपोषणहरू<br>• मानव संशाधन नीति<br>• ५ एस त्रुटि रजिष्टर | • वार्षिक कार्यविवरण लक्ष्यसहित प्रदान गरिएको नगरिएको परीक्षण गरिनुपर्दछ ।<br>• वार्षिक कार्यसम्पादन मुल्याङ्कन गरिएको नगरिएको परीक्षण गरिनुपर्दछ ।<br>• व्यवस्थापकको कार्यसम्पादन मूल्यांकन सञ्चालक समितिका सचिव वा समितिले तोकेको व्यक्ति तथा अन्यको कार्यसम्पादन मूल्यांकन व्यवस्थापकले गरिएको सुनिश्चित गरिनुपर्दछ ।<br>• कार्यसम्पादनमा ६० भन्दा कम आउने कर्मचारीहरूलाई नसिहत तथा ९० भन्दा बढी आउने कर्मचारीहरूलाई पुरस्कारको व्यवस्था गरिनुपर्दछ ।<br>• त्रुटि रजिष्टरमामार्फत कर्मचारीको कार्यसम्पादन मुल्याङ्कन भए नभएको परीक्षण गरिनुपर्दछ ।<br>• ५ एस लाई कार्यान्वयन गरी कार्यसम्पादन भए नभएको सुनिश्चित गरिनुपर्दछ । | वार्षिक कार्यविवरण प्रदान नगरिएको, वार्षिक कार्यसम्पादन मुल्याङ्कन नगरिएको, व्यवस्थापनको कार्यसम्पादन सञ्चालक समिति तथा अन्यको कार्यसम्पादन व्यवस्थापकले नगरिएको, कार्यसम्पादनमा ६० भन्दा कम आउने कर्मचारीहरूलाई नसिहत तथा ९० भन्दा बढी आउने कर्मचारीहरूलाई पुरस्कारको व्यवस्था नभएको । | उच्च | ३ |
| | | वार्षिक कार्यविवरण लक्ष्य सहित प्रदान गरिएको, वार्षिक कार्यसम्पादन मुल्याङ्कन नगरिएको, व्यवस्थापनको कार्यसम्पादन सञ्चालक समिति तथा अन्यको कार्यसम्पादन व्यवस्थापकले नगरिएको, कार्यसम्पादनमा ६० भन्दा कम आउने कर्मचारीहरूलाई नसिहत तथा ९० भन्दा बढी आउने कर्मचारीहरूलाई पुरस्कारको व्यवस्था नभएको । | मध्यम | २ |
| | | वार्षिक कार्यविवरण लक्ष्य सहित प्रदान गरिएको, वार्षिक कार्यसम्पादन मुल्याङ्कन गरिएको, व्यवस्थापनको कार्यसम्पादन सञ्चालक समिति तथा अन्यको कार्यसम्पादन व्यवस्थापकले गरिएको, कार्यसम्पादनमा ६० भन्दा कम आउने कर्मचारीहरूलाई नसिहत तथा ९० भन्दा बढी आउने कर्मचारीहरूलाई पुरस्कारको व्यवस्था भएको । | सामान्य | १ |

## ४१. कर्मचारीहरूको आचरण तथा व्यवहार जोखिम (३)

| परीक्षणका साधनहरु | परीक्षकले ध्यान दिनु पर्ने कुराहरु | जोखिमको अवस्था | | |
|---|---|---|---|---|
| • कर्मचारीहरूको आचार संहिता<br>• सदस्य सर्वेक्षण<br>• सदस्यहरूको गुनासो | • कर्मचारीहरूको आचार संहिता भएको परीक्षण गरिनुपर्दछ ।<br>• आचार संहिता पालना भएको परीक्षण गरिनुपर्दछ ।<br>• १० प्रतिशत सदस्यहरूको सन्तुष्टि सर्वेक्षणमा कर्मचारीसम्बन्धीको नतिजा विश्लेषण गरिएको सुनिश्चितता गर्नुपर्दछ । | कर्मचारीहरूको आचारसंहिता नभएको,सदस्यहरूको सन्तुष्टि सर्वेक्षण नगरिएको, सदस्यहरूको गुनासोहरूको सम्बोधन नभएको तथा सदस्यहरूको सर्वोत्कृष्ट हेरचाह तालिम सबै कर्मचारीहरूलाई प्रदान नगरिएको । | उच्च | ३ |

| | | | | |
|---|---|---|---|---|
